का.जि.प्र.का.द.नं. १००/०५९/६०

६ माघ २०८१,
आइतबार
19 January, 2025
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २२, अंक ३३१ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# मधेशले बिर्सेको आन्दोलन



मधेशको मुद्दा अझै पूर्ण रूपमा सम्बोधन हुन सकेको छैन

■ **अजयकुमार गुप्ता**
**उपाध्यक्ष**
**लोकतान्त्रिक समाजवादी पार्टी**





*सिरहाको लहानमा मधेश आन्दोलनका प्रथम शहीद रमेश महतोको सालिकमा माल्यार्पण गर्दै जसपा-नेपालका अध्यक्ष उपेन्द्र यादव र राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतो । तस्बिर : मध्यान्ह*



नेताले सत्तासामु आत्मसमर्पण गरेकै कारण मधेश आन्दोलन कमजोर भयो

■ **राजेन्द्र महतो**
**अध्यक्ष**
**राष्ट्रिय मुक्ति पार्टी नेपाल**

**निमिष झा / मध्यान्ह**
काठमाडौं, ५ माघ ।

शनिबार ५ माघ मधेश आन्दोलन सुरु भएको दिन । यस दिनलाई मधेश केन्द्रित दलहरूले 'बलिदानी दिवस'को रूपमा मनाउँदै आएका छन् । मधेश आन्दोलनको बलमा संघीय लोकतान्त्रिक गणतान्त्रमक व्यवस्थमा स्थापित भएपछि गठन भएको प्रथम मधेश प्रदेश सरकारको पहिलो मन्त्रिपरिषद् बैठकले ५ माघलाई 'बलिदानी दिवस'को रूपमा मनाउने औपचारिक निर्णय गरेको थियो ।

दिवसका अवसरमा मधेश केन्द्रित दलहरू काठमाडौंदेखि मधेशसम्म छुट्टाछुट्टै रूपमा दिवस मनाएका छन् । यसै अवसरमा मधेश प्रदेश सरकारले शहीद परिवारका सदस्यहरूलाई सम्मान गरेको छ भने मधेश केन्द्रित दलहरू जसपा-नेपाल, लोसपासहितका दलहरूले सिरहाको लहानस्थित मधेश आन्दोलनका प्रथम शहीद रमेश महतोको सालिकमा माल्यार्पण गरी मधेश आन्लोलनको सम्झना गरेका छन् ।

५ माघ २०६३ मा भएको पहिलो मधेश आन्दोलनले शनिबार १८ वर्ष पूरा गरेको छ । यस अवधिका मधेश आन्दोलनको विषयमा धेरै बहस र समीक्षा भएको छ तर ठोस उपलब्धि प्राप्त हुन नसकेको टिप्पणी पनि भइरहेको छ ।

मधेश आन्दोलनकै बलमा धेरै मधेश केन्द्रित नेताहरू उपप्रधानदेखि मन्त्री र मुख्यमन्त्रीसम्म बने तर पनि आममधेशी जनताको जीवनमा परिवर्तन भने आएको छैन । यद्यपि, ५ माघलाई पृष्ठ २ मा



मधेश आन्दोलनले अस्तित्वको संकट झेलिरहेको छ । ज-जसको दोकान बन्द हुन लागेको छ । ती दल नै मधेश केन्द्रित दलहरूबीच सहकार्य, मोर्चा र एकता गराउने भनेर अहिले लागेका छन्

■ **प्रदीप यादव**
**मन्त्री, खानेपानी**

## संविधान संशोधनको मुद्दा

संविधानलाई अपूरो, मधेशविरोधी भनेर अलापविलाप गरिरहे पनि समग्रमा मधेशका दलहरूलाई हाई सञ्चो नै छ । कारण, संविधान संशोधनको मुद्दालाई नजरअन्दाज गरेर सत्ता, भत्ता र सेवा सुविधा पाई नै राखेका छन् ।

पछिल्लो पटक ती दलहरूले संविधान संशोधन मात्र नभई पुनर्लेखनकै माग गरेका थिए । तर, आज त्यो माग हराएको छ । उनीहरू संविधानको प्रस्तावनादेखि संविधानको ३०८ धारासम्म आफूहरूको असहमति रहेको बताउँछन् । संविधान घोषणा भएको ९ वर्ष भइसक्दा पनि संविधान संशोधनका विषयमा उनीहरूबीच नै मतभेद छ ।

संविधान घोषणा हुँदा तत्कालीन मधेश केन्द्रित दलहरू राजपा, संघीय समाजवादी पार्टी संविधान अपूरो र अधुरो भएको भन्दै संविधानमा हस्ताक्षर गरेनन् र संविधान पृष्ठ २ मा

**एमपक्स संक्रमणबाट बचौं र बचाऔं**

- विदेशबाट आउने जो कोहिमा एमपक्सको सम्भावित जोखिम हुने हुनाले अनिवार्य रुपमा स्वास्थ्य परीक्षण गराऔं,
- ज्वरो आउने, टाउको दुख्ने, शरिर सुन्निने, ढाड दुख्ने मांसपेशी दुख्ने एमपक्स रोगका प्रमुख लक्षण हुन्,
- त्यस्ता लक्षण देखा परे स्वास्थ्य परीक्षण गराऔं,
- एमपक्स अत्यन्तै सङ्क्रामक रोग भएकाले सङ्क्रमण हुनासाथ आइसोलेसनमा बसौं,
- घना वस्ती र सहरी क्षेत्रमा यसको सङ्क्रमण छिटो वढ्ने भएकाले सचेतना बढाऊँ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## गैरकानुनी कर असुल्दै सरकार

**स्थानीय तहहरूले निजी, सार्वजनिक, ढुवानी तथा विदेशी पर्यटक चढ्ने यातायातका साधनलाई जबर्जस्ती रोकेर कर उठाइरहेका छन्**

**जुनु भट्टराई / मध्यान्ह**
विराटनगर, ५ माघ ।

सरकारले पटके सवारी कर रोक्न ७७ वटै जिल्लालाई निर्देशन दिए पनि कोशी प्रदेशका ठाउँठाउँमा ढाट राखेर पटके कर असुल्ने क्रम अझै रोकिएको छैन । सरकारको निर्देशनविपरीत जबर्जस्ती लिइने पटके करका कारण यातायात व्यवसायी हैरानीमा परेका छन् ।

संघीय सरकार, गृह मन्त्रालयसहित प्रधानमन्त्री कार्यालयले सबै जिल्ला प्रशासन कार्यालयलाई पटके कर रोक्न लिखित निर्देशन दिएको थियो । तर, स्थानीय तहले कोशीका १४ वटै जिल्लामा पटके कर असुलिरहेका छन् । विशेष गरेर राजमार्गमा पटके कर लिने गरिएको छ ।

प्रदेश तथा स्थानीय तहमा लगाइएका करहरूको अध्ययन तथा विश्लेषण गरी



करको उपयुक्तता एवं कुनै समस्या भएकामा समाधानका उपायसमेत पहिल्याउन संघीय सरकारले २०७५ साउनमा गठन गरेको समितिले स्थानीय सरकारले उठाउने सवारी साधन कर तथा पटके सवारी करले दोहोरो करको समस्या निम्त्याएको ठहर गर्दै यस्तो कर खारेज गर्ने व्यवस्था गर्न सरकारलाई सुझाव दिएको थियो । समितिले बुझाएको प्रतिवेदनमा सवारीधनीले सवारी साधनको पैठारी पृष्ठ २ मा

### मनपरी शुल्क

यातायात व्यसायीहरूका अनुसार एउटा सवारी साधनले न्यूनतम ५० देखि अधिकतम ५०० रुपैयाँसम्म तिनुपर्ने अवस्था छ । सबैभन्दा बढी कर संखुवासभाको मकालु गाउँपालिकाले ५०० र खाँदबारी नगरपालिकाले २०० रुपैयाँ पटके कर लिने गरेका छन् ।

निजी तथा भाडाका बस, ट्रक, ट्रयाक्टर, लरीलाई एक पटकमा २० रुपैयाँदेखि १०० रुपैयाँसम्म कर लिन्छन् । निजी तथा भाडाका कार, जीप, भ्यानलाई एक पटकमा ५० रुपैयाँ कर लगाउने गरेको पाइन्छ ।

भाडाका सवारी र मालबाहक सवारीले कर बुझाउने क्रममा न्यूनतम ६० रुपैयाँदेखि ५०० रुपैयाँसम्म प्रत्येक पालिकालाई बुझाउँदै आएका छन् । कानुनले नै व्यवस्था गरेअनुसार पटके सवारी कर राजमार्ग तथा सहायक राजमार्गमा संकलन गर्न नपाउने व्यवस्थाविपरीत प्रदेश र स्थानीय तहले कर उठाइरहेका व्यवसायीहरूको गुनासो छ । कोशी प्रदेशका सबैजसो पृष्ठ २ मा




## संसद् अधिवेशन

# छलफलमा सत्तापक्ष, दबाब दिँदै विपक्षी



सरकारलाई केही दिन कुर्छौं । अठेरी गरिरहे विशेष अधिवेशन माग गर्छौं । पूर्वतयारी गरिएकै छ, संख्याको समस्या छैन

■ **रूपा सोशी चौधरी**
**सचेतक**
**नेकपा (माओवादी केन्द्र)**

**जानकी पाठक / मध्यान्ह**
काठमाडौं, ५ माघ ।

प्रधानमन्त्री केपी शर्मा ओलीका अनुसार ३ साताभित्र संघीय संसद्को हिउँदे अधिवेशन सुरु हुने छ । विपक्षी दलहरूले अधिवेशन माग गरिरहेका बेला प्रधानमन्त्री ओलीले भनेका छन्, '१५-२० दिनभित्र संसद् आइसक्छ ।'

तर, विपक्षी दलहरूले तत्काल संसद्को अधिवेशन माग गरिरहेका छन् । शुक्रबार मात्र विपक्षमा रहेका ७ राजनीतिक दलले संयुक्त रूपमा संसद् अधिवेशन बोलाउन माग गरेका छन् ।

'हामी प्रतिपक्षी राजनीतिक दलहरू संसद्को मर्यादा र गरिमाको सम्मान गर्दै तत्काल संसद्को हिउँदे अधिवेशन आह्वान गर्न सरकार समक्ष माग गर्दछौं', विपक्षी दलहरूको संयुक्त मागपत्रमा उल्लेख छ ।

सरकारले तत्काल हिउँदे अधिवेशन आह्वानको प्रक्रिया थालनी नगरे विशेष अधिवेशनको माग गर्ने र कडा संघर्षमा उत्रिने चेतावनी दिइएको छ ।

पूर्वसभामुखसमेत रहेका माओवादी केन्द्रका उपाध्यक्ष अग्निप्रसाद सापकोटा सरकारले संसद् नबोलाए केही दिनमै विशेष अधिवेशन बोलाउन राष्ट्रपतिकहाँ जाने तयारी रहेको बताउँछन् ।

संसद्मा प्रतिनिधित्व गर्नेमध्ये २५ प्रतिशत सांसद सदस्यले संसद् अधिवेशन बोलाउन पाउने व्यवस्था छ ।

संविधानतः संसद्को विशेष अधिवेशन माग गर्न प्रतिनिधिसभाको सम्पूर्ण संख्याको एक चौथाइ सदस्यले राष्ट्रपति समक्ष लिखित अनुरोध गर्नुपर्छ । यस्तो अवस्थामा राष्ट्रपतिले संसद्को विशेष अधिवेशन बोलाउन सक्छन् । पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# ६ महिनामा करिब ४ लाख कामदार गए वैदेशिक रोजगारीमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ माघ ।

विगत ६ महिनाको अवधिमा झण्डै ४ लाख नेपाली कामदार वैदेशिक रोजगारीमा गएका छन् । यद्यपि, मंसिर महिनाको तुलनामा पुसमा वैदेशिक रोजगारीमा जाने नेपाली कामदारको संख्या ह्वात्तै घटेको छ । वैदेशिक रोजगार विभागका अनुसार मंसिर महिनामा ८४ हजार २२६ जनाको वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति भएकामा पुसमा करिब १७ हजारले कमी आई ६७ हजार २५८ जनाको मात्र श्रम स्वीकृति भएको छ ।

यस वर्ष असोजको तुलनामा कात्तिक महिनामा वैदेशिक रोजगारीमा जानेको संख्या केही कम भए पनि मंसिर महिनामा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या बढेको थियो । तर, पुसमा भने ठूलो संख्यामा कमी आएको हो । ६ महिनाको अवधिमा ३ लाख ९३ हजार ६७ जना वैदेशिक रोजगारीमा गएका छन् ।

पुस महिनामा म्यानपावर कम्पनीमार्फत २९ हजार ३१६ जना, नयाँ व्यक्तिगत श्रम स्वीकृतिमा १० हजार ८५ जना, श्रम स्वीकृति नवीकरणमार्फत २७ हजार २०३ जना तथा सरकारले पठाउने दक्षिण कोरिया तथा इजरायलमा ६५५ जनाको श्रम स्वीकृति भएको छ ।

पुस महिनामा पुनः श्रम स्वीकृतिमार्फत जाने र म्यानपावर कम्पनीमार्फत जानेको संख्या हाराहारी छ । विभागले अघिल्ला महिनाहरूमा वैदेशिक रोजगारीमा देशगत रूपमा गएको विवरण सार्वजनिक गर्ने गरेको भए पनि पुसमा वर्गीकरण गरेर देशगत रूपमा श्रम स्वीकृति पृष्ठ २ मा

### ६ महिनामै थपिए झण्डै सय म्यानपावर

**काठमाडौं / मस-** गएको ६ महिनाको अवधिमा झण्डै सयवटा म्यानपावर कम्पनी थपिएका छन् । चालू आर्थिक वर्ष २०८१/०८२ को ६ महिनामा ९५ वटा नयाँ म्यानपावर कम्पनी दर्ता भएका हुन् ।

वैदेशिक रोजगार डविभागले सार्वजनिक गरेको पुस महिनाको प्रगति विवरणअनुसार पुस महिनामा दर्ता भएका १२ नयाँ म्यानपावर कम्पनीसहित चालू आर्थिक वर्षको ६ महिनामा ९५ नयाँ म्यानपावर कम्पनी दर्ता भएका छन् ।

म्यानपावर कम्पनीको दर्तामार्फत विभागले पुस मसान्तसम्ममा ७७ अर्ब ८३ करोड रुपैयाँ धरौटी लिएको छ । पुसमा ४७ करोड धरौटी रकम फिर्ता भएको छ । यस वर्षका पृष्ठ २ मा



मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
६ माघ २०८१ आइतबार
19 January 2025, Sunday

# सीमा अपराध नियन्त्रण गर्न नेपाल–भारत सहमत




**काठमाडौं/मस–** सशस्त्र प्रहरी बल नेपाल र भारतीय सशस्त्र सीमा बलबीच पाल्पाको तिनाउमा डिआईजी स्तरीय छैठौं समन्वयात्मक बैठक बसेको छ।

बैठकमा सीमा स्तम्भहरूको मर्मत तथा सम्भार र दशगजा क्षेत्र अतिक्रमण गरी बनाइएका भौतिक संरचनाहरू संयुक्त प्रयासद्वारा हटाउने लगायतका विषयमा छलफल भएको छ।

सशस्त्र प्रहरी नम्बर ५ बाहिनी मुख्यालय रुपन्देहीका बाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक प्रदिप कुमार पाल र भारतीय समकक्षी सेक्टर हेडक्वाटर एसएसबी लखीमपुर खीरीका डिआईजी बी. विक्रमन तथा सेक्टर हेडक्वाटर गोरखपुर का डिआईजी मुन्ना सिंहको नेतृत्वमा बैठक भएको हो। यसअघि डिआईजी स्तरीय समन्वयात्मक बैठक भारतको उत्तर प्रदेशस्थित आईसिपी रुपै डियाको बहराईचमा सम्पन्न भइसकेको छ।

सीमा क्षेत्रमा हुने अवैध क्रियाकलाप नियन्त्रण, दशगजा क्षेत्रको सरसफाई तथा सौन्दर्यीकरण, सीमा अपराध, मानव तस्करी, अपहरण, नक्कली मुद्रा, हातहतियार, गोलिगट्ठा, लागूऔषध तथा प्रतिबन्धित औषधी लगायत अवैध वन्यजन्तु तस्करी नियन्त्रण, गैरकानुनी रूपमा प्रवेश गर्न खोज्ने तेस्रो देशका नागरिकहरूको नियन्त्रण तथा रोक लगाउने विषयमा समेत छलफल भएका छ।

त्यसैगरी सशस्त्र प्रहरी बल नेपाल र भारतीय सशस्त्र सीमा बलबीच संयुक्त अभियान अन्तर्गत दशगजा क्षेत्रमा संयुक्त गस्ती, हेल्थ डेस्क संचालन, खेलकुद तथा विविध अभ्यासहरूलाई समेत निरन्तरता दिने बारेमा छलफल भएको हो।

**मधेशले...**

मधेशले 'बलिदानी दिवस'को रूपमा सम्झने गरेको छ। सुरुका दिनमा निकै तामझामका साथ बलिदानी दिवसको स्मरण गरिन्थ्यो तर विगत केही वर्षदेखि यो दिवस औपचारिकतामा सीमित भइसकेको छ।

केही वर्षअघिसम्म बलिदानी दिवस मनाउन मधेश केन्द्रित दलहरूबीच अघोषित प्रतिस्पर्धा नै हुन्थ्यो भने अहिले वास्तै गर्न छाडिसकेका छन्। यस्तो लाग्छ, मधेशमा कुनै आन्दोलन नै भएको थिएन।

त्यो आन्दोलन

२०६३ सालमा तत्कालीन गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारले १ माघमा अन्तरिम संविधान घोषणा गरेपछि संघीयता, गणतन्त्र, समावेशी लोकतन्त्र तथा आत्मनिर्णयको अधिकार उल्लेख नभएको भन्दै २ माघमा तत्कालीन मधेशी जनअधिकार फोरम (हाल : जनता समाजवादी पार्टी नेपाल)ले काठमाडौंको माइतीघर मण्डलामा अन्तरिम संविधानको प्रतिलिपि जलाए। अन्तरिम संविधान जलाएको विरोधमा प्रहरीले फोरमका अध्यक्ष उपेन्द्र यादवसहित २८ जनालाई गिरफ्तार गऱ्यो। उनीहरूको गिराफ्तारीको विरोधमा मधेशका जिल्लाहरूमा आन्दोलन सुरु भयो।

सुरुमा फाटफुट भएको आन्दोलन ५ माघमा सिरहाको लहानमा तत्कालीन नेकपा माओवादीका कार्यकर्ताले चलाएको गोलीबाट रमेश महतोको मृत्यु भएपछि आन्दोलन जनविद्रोहको रूपमा मधेशभर फैलियो। त्यही आन्दोलनबाट धेरै मधेशी नेताहरूको उदय भयो र उनीहरू राजनीतिमा स्थापित पनि भए।

२०६३, २०६४ र संविधानसभाबाट संविधान जारी हुने क्रममा २०७२ साल गरी ३ पटक भएको मधेश आन्दोलनमा करिब ११७ जनाले ज्यान गुमाएका छन्। विद्रोहमा उत्रेकै कारण थुप्रै नागरिक अझै पनि जेल जीवन र मुद्दा झेलिरहेका छन्। कतिपय आन्दोलनताका बारुदको छर्रा छिरेको शरीर लिएर जीवन बाँच्न बाध्य छन्। ज्यान गुमाएका यी सबैलाई सरकारले शहीद घोषणा गरेको छ।

ती सबै आन्दोलनहरू अधिकारका नाममा भए पनि मधेशी जनताले के पाए भन्ने प्रश्नको जबाफ अहिले पनि मधेशले खोजिरहेको छ।

राजनीतिक रूपमा मधेश आन्दोलनको सफलता भनेको संघीयता हो, जुन मधेश आन्दोलनकै कारण तत्काल संविधानमा सुनिश्चित भएको छ। पहिलो मधेश आन्दोलनले राजनीतिमा जुन उथलपुथल ल्यायो, त्यसैको फलस्वरूप नेपाल संघीय लोकतान्त्रिक गणतान्त्रिक नेपाल बन्न पुगेको छ। मधेश आन्दोलनपछि मधेशले राजनीतिक र सामाजिक अधिकार प्राप्तिका सवालमा धेरै उपलब्धि हासिल गरिएको विवेचना पनि गरिन्छ। हरेक वर्ष ५ माघलाई 'बलिदानी दिवस'को रूपमा मधेशले सम्झिरहँदा एउटै प्रश्न उठ्ने गरेको छ- आन्दोलनबाट मधेशले के पायो ? सीमित नेतालाई सत्तामा चढ्ने र ओर्लने सिँढीबाहेक बलिदानीको अन्य के उपलब्धि रह्यो ?

मधेशी जनताको रगतको बलमा संघीयता, पहिचान, धर्मनिरपेक्षता, समावेशी-समानुपातिकसहितका मुद्दा स्थापित भएको छ। तर, यति लामो समय बितिसक्दा पनि मधेशको अवस्थामा भने कुनै तात्त्विक अन्तर आएको देखिँदैन। मधेशले बगाएको रगतको मूल्य चुक्ता भएको छैन।

जानकारहरूको भनाइमा मधेशले पाएको उपलब्धि राजनीतिक भए पनि त्यसलाई संस्थागत गर्न मधेश केन्द्रित दलहरू चुकेका छन्। यद्यपि, मधेश विद्रोहकै बलमा संघीयता स्थापित भएको हो र फलस्वरूप ८ जिल्लाको मधेश प्रदेश बनेको छ। त्यहाँ सुरुदेखि नै मधेश बेन्द्रित दलको सरकार बन्यो तर मधेश आन्दोलनको बलमा बनेको मधेश सरकारले पनि मधेश विद्रोहको मर्मलाई बुझ्न नसकेको टिप्पणी भइरहेको छ।

मधेशका जनताको न्यायिक अधिकार प्राप्तिका लागि उठेको आन्दोलनले उठाएका मागहरू अझै पूर्ण रूपमा सम्बोधन भने नभएको विश्लेषकहरूको भनाइ छ। पछिल्लो १८ वर्षलाई फर्केर हेर्दा अधिकार र पहिचानका लागि सयौं युवाहरूले दिएको बलिदानीको सही सम्बोधन न केन्द्रबाट, न त मधेश सरकारबाटै भएको छ।

पहिलो मधेश आन्दोलन १३ भदौ २०६४ मा नेपाल सरकार र फोरम नेपालबीच भएको २२ बुँदे सहमतिपछि अन्त्य भयो भने दोस्रो मधेश आन्दोलन १६ फागुन २०६४ मा सम्झौतामा टुंगियो। तर, संविधान जारीपछि भएको तेस्रो मधेश आन्दोलन कसरी टुंगियो ? मधेश केन्द्रित नेताहरूलाई नै थाहा छैन। त्यसैले उनीहरूमाथि सम्झौतापरस्त राजनीति गरेको आरोप पनि लाग्दै आएको छ।

पटकपटकको आन्दोलन र सम्झौता तथा सहमतिपछि मधेश केन्द्रित दलहरू बेलाबेला सत्ताधारी दलमा रूपान्तरित भए र त्यसपछि बनेका सबै सरकारमा कुनै न कुनै रूपमा सहभागी हुँदै गए। सरकारमै सहभागी भएका कारण तत्कालीन अवस्थामा रहेका मधेश केन्द्रित ३ वटा दल विभिन्न टुक्रामा विभाजित पनि भए।

आन्दोलनको बलमा स्थापित उनीहरू पहिलो संविधानसभामा बलियो स्थानमा थिए तर त्यसपछि टुटफुटको राजनीति र विश्वासको संकटका कारण दोस्रो संविधानसभाको निर्वाचनसम्म आइपुग्दा उनीहरू अत्यन्तै कमजोर भइसकेका थिए।

फलतः उनीहरूको उपस्थिति संविधानसभामा बलियो रहेन। ठूला दलहरूले फास्ट ट्र्याकबाट संविधान निर्माण गरे र जारी भयो।

अहिले पनि संसद्मा मधेश केन्द्रित दलहरूको उपस्थिति प्रभावकारी छैन। त्यति मात्र होइन, उनीहरूमा भएको टुटफुटले मधेशमै उनीहरू असान्दर्भिक बनिरहेका छन्।

**कमजोर शक्ति**

मधेश आन्दोलनमा मृत्यु भएकाहरूको लास देखाएर मधेश केन्द्रित नेताहरूले निर्वाचन त जितिरहेका छन् तर विडम्बना ! उनीहरूले मुद्दालाई स्थापित गराउन अझै सकेका छैनन्। यो क्रम आजसम्म पनि जारी छ। २०७२ सालपछि मधेश केन्द्रित दलको राजनीतिक गतिविधि हेर्दा उनीहरूले मधेश आन्दोलनको 'ब्याज' खानेबाहेक अरू केही गर्न नसकेको आरोप लाग्दै आएको छ।

१८ वर्षपछि मधेश राजनीतिको विरासत पनि कमजोर हुँदै गइरहेको छ। मधेश केन्द्रित नेताहरूले आफ्नै निहित स्वार्थलाई मधेशको मुद्दासँग साटेका छन्। उनीहरू हरेक पटक जनतासम्म पुग्छन् र विश्वास र आशाको भऱ्याङ बनाएर सत्तामा चढ्छन् र झर्छन्।

विगतमा मधेश केन्द्रित दलसँग पटकपटक सम्झौता भए, उनीहरू आफैं पटकपटक सरकारमा गए पनि तर केका लागि भन्ने ज्वलन्त प्रश्नको उत्तर उनीहरूसँग छैन। आत्मआलोचना सहितको जवाफ मधेशले मधेशकेन्द्रित दल र तिनका नेताहरूबाट खोजिरहेको छ।

मधेश आन्दोलनको यो १८ वर्षको अवधिमा मधेशले पहिचान पाएको तर अधिकार पाउन बाँकी रहेको विश्लेषकरूको भनाइ छ। मधेश आन्दोलनको नेतृत्व गर्ने शक्ति नै विभाजित भएकाले अधिकार पाउन ढिलाइ भएको उनीहरूको बुझाइ छ।

मधेश केन्द्रित दलहरू सत्ताको वरिपरि घुम्ने गरेको सत्ताकै लागि पार्टी विभाजन गरेको तर सत्तामा पुगेपछि मधेशको मुद्दा बिर्सने गरेको टिप्पणी विश्लेषकहरूको छ।

राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतो भन्छन्, 'नेताले सत्तासामु आत्मसमर्पण गरेकै कारण मधेश आन्दोलन कमजोर बनेको हो।' उनले मधेशले एकल नश्लीय औपनिवेशिक शोषणविरुद्ध विद्रोह गरेको तर उपनिवेशबाट मधेश अझै मुक्त हुन नसकेको बताए।

उनी भन्छन्, 'मधेशी जनताले बलिदानी दिए, कडा प्रतिरोध गरे तर पनि पूर्ण सफलता हात पार्न सकेनौं। असफलतापछि संघर्षको रणनीति परिवर्तन गर्नुको सट्टा केही नेताले सत्तासामु आत्मसमर्पण गरे।'

लोसपा उपाध्यक्ष अजयकुमार गुप्ताले मधेशको मुद्दा अझै पूर्ण रूपमा सम्बोधन हुन नसकेको टिप्पणी गर्छन्। उनले मधेशका शहीदका सपना सरकारले अझै पूरा गर्न नसकेको बताए।

जसपा नेपालका उपमहासचिवसमेत रहेका खानेपानीमन्त्री प्रदीप यादवले मधेश आन्दोलनले अस्तित्वको संकट झेलिरहेको बताउँछन्। मन्त्री यादवले भने, 'मधेश र मधेशीका अधिकारका लागि नभई आफ्नो निहित स्वार्थपूर्तिका लागि केही मधेशी दलहरू अहिले मोर्चा र सहकार्यको प्रयासमा लागेका छन्।'

'ज-जसको दोकान बन्द हुन लागेको छ। ती दल नै मधेशी दलहरूबीच सहकार्य, मोर्चा र एकता गराउने भनेर अहिले लागेका छन्', उनले थपे।

**संविधान ...**

संशोधनको मुद्दा उठाएर आन्दोलन गरे। तर, संविधान निर्माण प्रक्रिया नै गलत रहेको भन्ने डा. सीके राउत पनि संविधान संशोधनबिना नै त्यही संविधानलाई स्वीकार्य गरेर संघीय र प्रदेशको सरकारमा छन्।

उनीहरूले संविधान संशोधनको मुद्दालाई छाडेका पनि छैनन् र मुखर रूपमा उठाएका पनि छैनन्।

**गैरकानुनी...**

भन्सार महसुल, अन्तःशुल्क र मूल्य अभिवृद्धि कर तथा इन्धनमा लाग्ने कर र सवारी दर्ता एवं नवीकरण शुल्कको माध्यमबाट सिर्जना हुने करको भार बेहोरिसक्ने भएकाले संविधान र कुनै पनि कानुनमा नभएको पटके सवारी करको भार थप गर्नु युक्तिसंगत नहुने उल्लेख गरिएको थियो।

सवारी दर्ता, नवीकरण शुल्क तथा सवारी कर प्रदेश सरकारले यातायात व्यवस्था कार्यालयमार्फत लिइरहेको छ। वित्त ऐनको दफा ६ (क) अनुसार प्रदेशले सवारी साधनबाट उठाएको कर प्रदेश विभाज्य कोषमा जम्मा गर्छ। हरेक ३ महिनामा त्यसरी जम्मा भएको कुल रकमको ४० प्रतिशत प्रदेशका १०९ वटै पालिकालाई बाँडफाँट गर्दै आएको छ।

स्थानीय तहहरूले निजी, सार्वजनिक, ढुवानी तथा विदेशी पर्यटक चढ्ने यातायातका साधनलाई जबर्जस्ती रोकेर कर उठाइरहेका छन्।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका कोशी प्रदेश संयोजक सरोज श्रेष्ठले सवारी प्रवेश कर, सवारी पटके कर, सरसफाइ शुल्क भन्दै विभिन्न नाममा बिल भिडाएर कर उठाउने गरेको बताए। स्थानीय तहले टेन्डर प्रक्रियामार्फत ठेकेदारसँग सम्झौता गरेर राजमार्गमा ढाट राख्दै खुलेआम कर उठाइरहेको पनि श्रेष्ठ बताउँछन्। निर्देशनविपरीत देशभरका सबै पालिकाहरूले जबर्जस्ती कर संकलन गर्दासमेत सरकारले नियन्त्रण नगरेको बताए।

व्यवसायीका अनुसार काँकडभिट्टाबाट धरान र विराटनगरसम्म पुग्ने एउटा यात्रु बसले १ हजार ५०० रुपैयाँ पटके कर बुझाउनु परिरहेको छ।

**मनपरी...**

जिल्लाका पालिकाले कुनै न कुनै हिसाबले सवारी साधनमा पटके कर असुलिरहेका छन्। व्यवसायीको चर्को विरोधपछि पछिल्लो समयमा इनरुवा नगरपालिकाले भने राजमार्गमा ढाट राखेको ढाट हटाइसकेको छ। दुहबी-इनरुवाको बाटोमा भने अहिले पनि कर उठाइरहेको छ।

इनरुवा नगरपालिकाका मेयर केदार भण्डारी नगरपालिकाले नगरको बाटो हुदै जाने हाईवेमा आफूहरूले कर नउठाएको दाबी गरे। ठूला सवारीले नगरभित्रका सडक बिगार्ने र प्रदूषण गर्ने भएकाले कर लिनुपर्ने बाध्यता रहेको समेत उनले बताए।

प्रदेशका १४ जिल्लाका पालिकाको विशेषगरी संखुवासभाका चिचिला, मकालु, खाँदबारी गाउँपालिका, धनकुटा नगरपालिकाको कार्यालय, साँगुरीगढी गाउँपालिका- ६ भेडेटार धनकुटाले खुलेआम रूपमा विभिन्न शीर्षकमा चर्को पटके कर असुल गरिरहेका छन्।

आर्थिक मामिला तथा योजना मन्त्रालयकी सूचना अधिकारी पुष्पलता उप्रेती राजमार्गमा सवारी पटके कर उठाउन गैरकानुनी भएकाले कसैले पनि पटके कर उठाउन नपाइने बताउँछिन्। 'ढाट राखेर पटके कर असुल्ने कार्य कानुनविपरीत हो र यसलाई नियन्त्रण गर्न सम्बन्धित निकायहरूलाई निर्देशन दिइएको छ', उनले भनिन्।

**आन्दोलनको तयारी**

नेपाल यातायात व्यवसायी महासंघ कोशी प्रदेशले गैरकानुनी रूपमा जथाभावी रूपमा असुल्दै आएको सवारी पटके करको विरोधमा सडक आन्दोलन गर्ने तयारी गरेको छ। हरेक तहमा प्रतिवेदन पेस गरिसकेको र त्यसको कार्यान्वयन नभएपछि आन्दोलनलाई अन्तिम विकल्प बनाएको महासंघका कोशी प्रदेश संयोजक श्रेष्ठले बताए।

**छलफलमा...**

यसका लागि २७५ सदस्यीय भएको सदनका कम्तीमा ६९ सदस्य तयार रहनुपर्छ।

संविधानको धारा ९३ को उपधारा ३ मा यससम्बन्धी व्यवस्था छ। भनिएको छ, 'राष्ट्रपतिले प्रतिनिधिसभाको अधिवेशन चालू नरहेको वा बैठक स्थगित भएको अवस्थामा अधिवेशन वा बैठक बोलाउन बाञ्छनीय छ भनी प्रतिनिधिसभाको सम्पूर्ण सदस्य संख्याको एक चौथाइ सदस्यहरूले लिखित अनुरोध गरेमा त्यस्तो अधिवेशन वा बैठक बस्ने मिति र समय तोक्ने छ।'

प्रतिनिधिसभामा माओवादी केन्द्र (३२), रास्वपा (२१), राप्रपा (१४), नेकपा (एकीकृत समाजवादी) (१०), नेपाल मजदुर किसान पार्टी (१), राष्ट्रिय जनमोर्चा (१), आमजनता पार्टी (१) र स्वतन्त्र सांसद (१) विपक्षमा छन्।

यो संख्या अधिवेशन माग गर्नका लागि प्रयाप्त छ। तर, विशेष अधिवेशन विशेष माग वा विषयका लागि बोलाउन सकिन्छ। यस कारण पनि विपक्षी दलहरू सरकारलाई अझै केही दिन कुर्ने बताउँछन्।

माओवादी केन्द्रकी सचेतक रूपा सोशी चौधरी सरकारलाई अझै लामो समयसम्म अधिवेशन नबोलाएर बस्न भने नदिइने बताउँछिन्। उनी भन्छिन्, 'सरकारलाई केही दिन कुर्छौं। अटेरी गरिरहे विशेष अधिवेशन माग गर्छौं। पूर्वतयारी गरिएकै छ, संख्याको समस्या छैन।'

वर्षे अधिवेशन गत ३१ भदौमा अन्त्य भएको थियो। ४ महिना भइसक्दा पनि अधिवेशन नबोलाएको भनेर विपक्षी दलहरूले प्रश्न उठाएका हुन्। तर, यो संविधानतः सरकारलाई प्राप्त सुविधा हो। संसद् अधिवेशनको अन्त्य र अर्को अधिवेशन सुरुको दुरी ६ महिना कट्न नहुने संवैधानिक प्रावधान छ।

अधिवेशनको आह्वान र अन्त्यसम्बन्धी व्यवस्था संविधानको धारा ९३ मा छ, जसमा संसद्को एउटा अधिवेशन समाप्त भएको ६ महिनाभित्र अर्को अधिवेशन प्रारम्भ भइसक्नुपर्ने संवैधानिक व्यवस्था छ। त्यहाँ संघीय संसद्को अधिवेशन आह्वान र अन्त्य सरकारको सिफारिसमा राष्ट्रपतिले गर्ने उल्लेख छ।

**व६ महिनामा...**

भएको विवरण सार्वजनिक गरेको छैन। हाल सबैभन्दा धेरै नेपाली कामदार यूएई जाने गरेका छन्। यूएईपछि क्रमशः साउदी अरेबिया र कतार जाने गरेका छन्। कतारमा होटल क्षेत्रको अकुपेन्सी बढे पनि विश्वकप फुटबलपछि नयाँ रोजगारी सिर्जना हुन नसकेको बताइएको छ।

पुसमा मलेसियाबाट केही नयाँ डिमान्ड आउन सुरु भएको विभागले बताएको छ। मलेसियाको पाम आयल क्षेत्रमा विदेशी कामदारको अभाव भए पनि नयाँ एप्रुभल खुलेको छैन।

**६ महिनामै...**

६ महिनाको अवधिमा विभागले १६१ म्यानपावर कम्पनीलाई आर्थिक जरिमाना गरेको छ।

विभागमा पुसमा परेका १३४ उजुरीसहित पुस मसान्तसम्ममा ९५४ उजुरी परेका छन्। ती उजुरीमा ४ अर्ब ८७ करोड २९ लाख ५५ हजार रुपैयाँ क्षतिपूर्तिको माग दाबी गरिएको छ। पुस महिनामा २० सहित ६ महिनाको अवधिमा विभागले मिलापत्र हुन नसकेका ९८ उजुरी अनुसन्धानपछि वैदेशिक रोजगार न्यायाधीकरणमा मुद्दा दायर गरेको छ। त्यसमा १९ करोड ६६ लाख ९९ हजार रुपैयाँ बराबर बिगो असुली तथा क्षतिपूर्ति दाबी गरिएको छ। विभागले पुससम्ममा २९७ उजुरीमा मिलापत्र गराएको बताएको छ।

# स्वास्थ्य बीमाको रकम ५ लाख पुऱ्याइने छ : मन्त्री पौडेल




**काठमाडौं/मस–** स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले सरकारले १६ लाख किशोरीलाई क्यान्सरविरुद्धको खोप लगाउन लागेको बताएका छन्।

काठमाडौंको टोखामा स्थापना भएको जनकल्याण सामाजिक केन्द्रले शनिवार आयोजना गरेको निःशुल्क स्वास्थ्य तथा आँखा शिविरको उद्घाटन गर्दै मन्त्री पौडेलले १० देखि १४ वर्षसम्मका १६ लाख किशोरीलाई क्यान्सर विरुद्धको खोप लगाउन सरकार लागिरेहको बताएका हुन्।

'महिलामा क्यान्सर हुन नदिन सरकारले २२ माघदेखि देशभरका १६ लाख किशोरीमा क्यान्सर विरुद्धको खोप प्रदान गर्न लागेको छ', मन्त्री पौडेलले भने, '५ वटा अस्पतालमा किशोरीका लागि क्यान्सरको निःशुल्क उपचारको व्यवस्था सरकारले मिलाएको छ।'

सरकारले पक्षघातको औषधि निःशुल्क वितरण गर्ने गरी कार्ययोजना अगाडि बढाएको पनि उनले जानकारी दिए।

स्वास्थ्यमन्त्री पौडेलले नागरिकको योगदानमा आधारित कोष बढाएर स्वास्थ्य बीमाको रकमसमेत बढाउँदै आमनागरिकको उपचारमा खर्च गर्नेगरी सरकारले योजना बनाएको उल्लेख गरे।

'हाल स्वास्थ्य बीमाको रकम १ लाख रहेको छ, हामी त्यसलाई बढाएर ५ लाख बनाउने गरी यो जना बनाइरहेका छौं', उनले भने।

छरिएर रहेको स्वास्थ्य रकमलाई बिमा कोषमार्फत उपचार गराउने प्रबन्ध गरिने उनको भनाइ थियो। उनले नेपालको स्वास्थ्य क्षेत्र धेरै सुधारिएको भए पनि अझै पर्याप्त नभएको उल्लेख गरे।

२०७० मा स्थापना भएको जनकल्याण सामाजिक केन्द्रले हालसम्म देशभर ३५१ पटक रक्तदान, स्वास्थ्य शिविर, आँखा शिविरलगायतका स्वास्थ्य कार्यक्रम सञ्चालन गरिसकेको केन्द्रका अध्यक्ष विकासकुमार दासले जानकारी दिए।

अल नेपाल अस्पताल र दृष्टि आँखा केन्द्रको सहकार्यमा आयोजना गरिएको स्वास्थ्य शिविरमा २०० भन्दा बढी व्यक्तिलाई सेवा प्रदान गरिएको थियो। कार्यक्रममा विभिन्न विधामा योगदान दिएका एक दर्जनभन्दा बढी व्यक्तिलाई सम्मान गरिएको थियो।

# 'सुरक्षित समाज निर्माण गर्न प्रहरी–नागरिक हातेमालो आवश्यक'



**काठमाडौं/मस–** काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीका प्रमुख, प्रहरी अतिरिक्त महानिरीक्षक टेकबहादुर तामाङले नागरिकको सहयोग बिना सुरक्षित समाज निर्माण हुन नसक्ने बताएका छन्।

सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरी सेवा केन्द्र टुँडालदेवीले शनिबार आयोजना गरेको सुरक्षासम्बन्धी अन्तरक्रियामा उनले सुरक्षित समाज निर्माणका लागि प्रहरी र नागरिकबीच हातेमालो आवश्यक रहेको बताए।

अतिरिक्त महानिरीक्षक तामाङले समाजमा शान्ति, सुरक्षा कायम गर्नुका साथै कुरीति र विसंगति अन्त्य गर्न नागरिकको भूमिका पुलको रूपमा रहेको औँल्याउँदै प्रहरी र नागरिकबीच सहकार्य र समन्वय हुनुपर्नेमा जोड दिए।

शान्तिपूर्ण र सुरक्षित समाजका लागि सामुदायिक-प्रहरी साझेदारीको अवधारणा बमोजिम सामुदाय र प्रहरी एकजुट भई अगाडि बढ्नुपने उनले धारणा राखे। 'प्रहरीलाई सूचना दिने तथा गलत प्रवृति देखेमा त्यसलाई नियन्त्रण गर्न नागरिकको सुझाव तथा सल्लाह आवश्यक छ' उनले भने।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख, प्रहरी वरिष्ठ उपरीक्षक वसन्त र जौरेले अपराध नियन्त्रण र अनुसन्धानकार्यमा सहयोग गर्न नागरिकलाई अनुरोध गरे। उनले प्रहरी र नागरिकले एकआपसमा सहयोग, सहकार्य र समन्वयले मात्र समाजमा शान्ति सुरक्षा थप मजबुत हुने धारणा राखे।

सामुदायिक सेवा केन्द्र टुँडालदेवीका अध्यक्ष रामप्रसाद न्यौपानेले समुदाय र प्रहरीको सहकार्यले मात्र आपराधिक घटना न्यूनीकरण गर्न सकिने बताए। अन्तरक्रियामा शान्ति सुरक्षा, सडक सुरक्षा, लागुऔषध दुव्यर्सनी न्यूनीकरणका विषयमा जिज्ञासा र गुनासो राखिएको थियो।

# चन्द्रागिरिका बजार अनुगमन तीव्र



**काठमाडौं/मस–** संयुक्त बजार अनुगमन टोलीले चन्द्रागिरि नगरपालिकाभित्र सञ्चालित खाद्यन्न/किराना पसल, पानी उद्योग, खानेतेल ( तोरी मिल) उद्योग एवं दूग्धजन्य डेरी उद्योगमा अनुगमनलाई तीव्रता दिएको छ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागद्वारा हालै प्रयोगमा ल्याइएको अत्याधुनिक घुम्ति प्रयोगशाला 'फुडल्याब भ्यान' मार्फत स्थलगत रुपमा परीक्षण गरिएको सो अनुगमन टोलीमा चन्द्रागिरि नगरपालिकासहित जिल्ला प्रशासन कार्यालय काठमाडौं, प्रहरी वृत्त थानकोट र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, वाणिज्य आपूर्ती तथा उपभोक्ता संरक्षण विभागको प्रतिनिधि रहेका थिए।

गत पुस २६ गते सो टोलीले अनुगमनका क्रममा चन्द्रागिरि -१२ स्थित बलम्बुमा रहेको ह्वाइट हिमालयन मिल्क प्रालीले बिक्रीवितरणका लागि तयार गरेको दूधको परीक्षण गर्दा अखाद्य बस्तु अर्थात 'न्युट्रलाइजर पोजेटिभ'भेटिएको र तत्काल ६०० लिटर दूध नष्ट गरेको थियो। साथै सो उद्योगबाट उत्पादित अखाद्य घिउ, नौनी तथा पनिर समेत अनुगमन टोलीले नष्ट गरेको थियो। नगरपालिकाले सो उद्योगलाई उपभोक्ता संरक्षण ऐन २०७५ अनुसार दुईलाख जरिवाना गराइएको जनाइएको छ।

दूध तथा दूग्ध पदार्थको स्वच्छता एवम् गुणस्तर निदेशिका २०७५ अनुसार सो उद्योगको दूधको गुणस्तर मापदण्ड जाँच गरिएको थियो। अनुगमन टोलीले चन्द्रागिरि वडा नं ११, १२ र १४ मा सञ्चालित विभिन्न तोरी मिलको अनुगमन समेत गरेको नगरपालिकाले जनाएको छ। यसक्रममा ती मिलबाट उत्पादित तेलको गुणस्तर जाँच गर्दा अखाद्यबस्तु मिसावट गरेको नभेटिएको चन्द्रागिरि नगरपालिका उद्योग, वाणिज्य तथा व्यवसाय प्रवर्द्धन शाखाले जनाएको छ।

संयुक्त बजार अनुगमन टोलीले गत पुसको अन्तिम साता नै चन्द्रागिरि नगरपालिका वडा नं ८ भित्र सञ्चालित केही खानेपानी उद्योगहरुमा आकस्मिक अनुगमन गरेको थियो।

यस क्रममा पानीको गुणस्तर जाँच गरिएका उद्योगद्वारा उत्पादित पानी मापदण्डभित्रै रहेको भेटिएको थियो। अनुगमनका क्रममा टोलीले पानी भर्न अयोग्य केही बोतल तथा जार नष्टगरेको जनाइएको छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८१/१०/०६**

**म्याक्स मेडिकल एण्ड डायग्नोष्टिक सेन्टर** को २०८१/०७/१० गते सम्पन्न वार्षिक/विशेष/साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **म्याक्स मेडिकल डायाग्नोस्टिक सेन्टर प्रा. लि. (प्रा.लि. नं.: ११०१९५)** कायम गर्ने गरी मिति २०८१/०९/२८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

# आउने स्थानीय निर्वाचनमा माओवादीले २५० पालिका जित्छ : प्रचण्ड



**विराटनगर/मस**–माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले आगामी स्थानीय तहको निर्वाचनमा पार्टीले कम्तीमा २५० पालिका जितेर पहिलो बन्ने दाबी गरेका छन् ।

मोरङको ग्रामथान गाउँपालिका-५ तेतेरियामा आयोजित खबरदारी सभालाई सम्बोधन गर्दै उनले २०७९ को स्थानीय तह निर्वाचनमा तेस्रो बनेको माओवादीलाई यसपटक ग्रामथानबासीले पहिलो बनाएर पालिका अध्यक्षमा जिताउनु रणनीतिक महत्वको विषय भएको बताए ।

'हामीले २०७९ को निर्वाचनमा १२२ पालिकामा प्रमुख तथा अध्यक्ष जितेका थियौं । अब ग्रामथान थपिएपछि यो संख्या १२३ पुगेको छ । आगामी स्थानीय तह निर्वाचनमा २५० भन्दा बढी पालिकामा जीत हात पारेर माओवादी पहिलो पार्टी बन्छ । यो हामीलाई उपनिर्वाचनले दिएको महत्वपूर्ण सन्देश हो,' उनले भने ।

गत १६ मंसिरमा भएको स्थानीय तहको उपनिर्वाचनबाट पूर्वले माओवादी केन्द्रलाई नयाँ उचाइँमा उठाउने सन्देश दिएको उल्लेख गर्दै अध्यक्ष प्रचण्डले मोरङको ग्रामथान गाउँपालिका र उदयपुरका दुई वटा जिताउनुका साथै अन्य वडामा पनि मत संख्या बढाएर पूर्वले विरोधीहरूलाई ठूलै जवाफ दिएको बताए ।

'विरोधीहरूले अब माओवादी कमजोर भयो । एक्लै चुनाव लड्न सक्दैन भनेर अफवाह फैलाइरहेको बेला पूर्वले माओवादीलाई संख्या र लोकप्रिय मत दुबैमा पहिलो पार्टी बनाएको छ । यो एउटा पालिकाको मात्रै विजय होइन । यो देशैभरि विशेष सन्देश दिने रणनैतिक महत्वको जीत हो,' उनले भने ।

उनले ग्रामथानबासीले माओवादीलाई ठूलो गुण लगाएको उल्लेख गर्दै यहाँका जनताका लागि आफ्नो निवास खुला रहने र जनताको समस्या समाधानका लागि प्रतिवद्ध भएर लाग्ने बताए । केन्द्रीय समिति बैठकको दस्तावेजमा आफूले ग्रामथानको नामै उल्लेख गरेर देशभरि विजयको सन्देश प्रवाह गरिएको जानकारी पनि उनले गराए । उनले आफ्नो पार्टी ओरालो यात्रामा लागेका बेला कहिले कांग्रेस र कहिले एमालेसँग सहकार्य गर्दै केही कमजोरी पनि गरेको उल्लेख गर्दै अब आफ्नै बलबुतामा अघि बढ्ने बताए ।

देशमा माओवादी केन्द्रकै कारण आम उत्पीडित जनताले अधिकार पाएको उल्लेख गर्दै अध्यक्ष प्रचण्डले अब यसलाई कार्यान्वयन गर्दै देशबाट भ्रष्टाचारको जरा उखेलेर भ्रष्टाचारीलाई लखेट्नका लागि फेरि एक माओवादी केन्द्रलाई बहुमत दिन आग्रह गरे । 'हामीले २०६४ मा जनताको मत पाएर पनि पार्टीलाई एकतावद्ध राख्न सकेनौं । जनताको विश्वास कायम राख्न नसकेकै हौं,' उनले भने, 'त्यतिबेलाको जनमत र आजको जस्तो हाम्रो सुझबुझपूर्ण चेतना र शैली मिल्यो भने अब हामी नेपाललाई राजनीतिक परिवर्तनको पूर्ण अनुभूति गराउने छौं । हामी धेरै कुरा सम्झेर तपाइँहरूसमक्ष आएका छौं । तपाइँहरूलाई पनि २०६४ साल सम्झिदिन अपील गर्छु ।'

# नौमुरे बहुउद्देश्यीय आयोजनालाई बजेट र जनशक्तिको पिरलो

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ५ माघ



अर्घाखाँचीमा सञ्चालित नौमुरे बहुउद्देश्यीय आयोजनालाई प्रयाप्त बजेट नसक्दा कामले गति लिन सकेको छैन् । चुनावका बेला सबै पार्टीको घोषणापत्रको १ नम्बर बुँदामा नौमुरे जलविद्युत् आयोजना सञ्चालन गर्ने भनि निकै चर्चामा रहने गर्दछ । यो परियोजना अहिले बजेट र जनशक्ति अभावले चपेटामा परेको छ ।

शीतगंगा नगरपालिका ८ सातमारामा रहेको कायार्लयले परिणाम देखिने गरी काम गर्न बजेट नपुगेपछि आयोजनाले द्रूत रुपमा गति लिन नसकेको प्राविधिकहरुले गुनासो गरेका छन् ।

बहुप्रतिक्षित मानिएको र सँधै चुनावी नारा बन्ने गरेको नौमुरे बहुउद्देश्यीय आयोजनाको चर्चा अनुरुपको काम अघि बढ्न नसक्दा कुरामै सिमित रहने हो कि ? भन्ने आम अर्घाखाँचीबासीको चिन्ता र चासोको विषय बनेको छ ।

अर्घाखाँची र प्यूठानको सीमानामा पर्ने मादी र झिमरुक नदीको संगम नौमुरे क्षेत्रमा निर्माण हुन लागेको यो बहुचर्चित आयोजना अगाडि बढाउने चर्चा चलेको लामो समय भएपनि काम उल्लेख्य रुपमा अघि बढ्न बजेटको समस्या देखिएको छ ।

कार्यालय स्थापना भएपछि कार्य अघि बढ्छ भन्ने सोच बनाएका शीतगंगाका स्थानीयबासिन्दाहरु सरकारले पठाउने न्यून बजेट र सरकारको कार्यसम्पादनबाट त्यति खुसी भने हुन सकेका छैनन् ।

आयोजनाले गत आर्थिक वर्ष २०८०/०८१ भौतिक प्रगति ८३.२४ प्रतिशत र वित्तीय प्रगति ६६.५० प्रतिशत रकम यस वर्ष खर्च भएको योजना प्रमुख वीरबहादुर बोहराको भनाइ छ ।

आयोजनाको काम दूत गतिमा अघि बढ्न नसक्दा आफु नआउँदै केही वर्षदेखि बजेट फ्रिज हुने गरेको भएपनि अहिले आफुले काम सुरु गरेपछि बजेट अभाव भएको आयोजनाका प्रमुख बोहोराको दावी छ ।

आयोजना प्रमुख बोहराका अनुसार आयोजनाको कार्यालय तथा क्याम्पको लागि जग्गा प्राप्तिको मूल्याकंनको निर्णय भइ मुवाब्जा वितरणको सम्पूर्ण तयारी समेत भइसक्दा मुवाब्जा शिर्षकमा प्रयाप्त बजेट नहुँदा तथा अन्य खर्च हुन नसक्ने शिर्षकबाट रकमान्तरको लागि पठाउँदा अर्थ मन्त्रालयबाट रकमान्तर नहुँदा वित्तीय प्रगति न्यून हुन पुगेको हो ।

यस चालु आव २०८१/०८२ मा समेत अहिले भइरहेको कार्यहरु पहुँच मार्ग निर्माण तथा कार्यालय क्याम्प निर्माणमा अति न्यून बजेट विनियोजन भएको आयोजना अन्तर्गत पहुँचमार्गमा पर्ने शितखोलामा पुल निर्माण गर्न ४ करोड विनियोजन भएकोमा आवश्यक लागत रकम करिब १४ करोडको अर्थ मन्त्रालयले स्रोत सहमती नदिएपछि कार्यालयले ४ करोडको टेन्डर आह्वान गरी कामको प्रक्रिया अगाडि बढाएको छ । सरकारले आयोजनालाई राष्ट्रिय गौरब तथा प्राथमिकताको आयोजनाको रुपमा घोषणा गरी निर्माण तथा लगानीको मोडालिटी एकिन गर्न अत्यावश्यक देखिएको बिज्ञहरुको भनाइ छ ।

आयोजनाको सम्भाव्यता अध्ययन अनुसार सात वर्षभित्र आयोजना सम्पन्न हुने लक्ष्य लिएपनि अपेक्षित काम हुन नसकेको कारण अब योजनाको काम समयमा सम्पन्न हुने सम्भावना कम छ । कार्यालयका प्रमुखदेखि अन्य कर्मचारीले केही वर्षदेखि तलब भत्ता खानु बाहेक अन्य प्रगती शुन्य जस्तै छ । बजेट हुँदाहुँदै काम गर्न नसक्नु कार्यालयको कमजोरी रहेको स्थानीयले आरोप लगाउँदै यस अघिका कार्यालय प्रमुखलाई पटक-पटक ध्यानाकर्षण गराएका थिए ।

आयोजनाको मुख्य कामहरू बाँकी नै रहेपनि अन्य कार्यहरू अगाडि बढेको कार्यालय कर्मचारी बताउँछन् । रिभर ट्रेनिङ्ग वर्कको डिजाइन तयार पार्ने कार्य, आयोजना क्षेत्रको जग्गा अधिग्रहण सम्बन्धी कार्य, जलाधार, जलाशयको परिधि छुट्टाउने कार्य, लगायतका केही कामहरू भइरहेको भएपनि भौतिक रुपमै देखिनेगरी काम गर्न र देखाउन समय लाग्ने योजना प्रमुख बोहरा बताउँछन् । आयोजना सम्पन्न हुदा पाँच जिल्लालाई प्रत्यक्ष फाइदा पुग्नेछ ।

केही वर्षदेखि कार्यालय स्थापना भएर आयोजनाको काम अघि बढेपनि आयोजनामा कर्मचारीको निकै अभाव छ । कार्यलयमा अहिले आयोजना प्रमुख बोहरा बाहेक दुईजना इन्जिनियर र लेखापाल कर्मचारी हाजिर भएका छन् । इन्जिनियर सूचना अधिकारी कृष्ण गौतम समेत अध्ययन विदामा हिँडेपछि कार्यालय कर्मचारी विहीन अवस्थामा पुगेपछि कार्यालय प्रमुख बोहोरा कर्मचारी ल्याउन उर्जा मन्त्रालयमा धर्ना दिन पुगेका थिए ।

लामो समय खर्चेर वि.सं. २०४३ सालमै सर्भे भएको नौमुरे जलविद्युत् परियोजना विभिन्न सरकारले चर्चा र तयारी गरेको लामै समय भएपनि निर्माण प्रक्रियामा चाँसो नदिँदा आयोजनाले गति लिन सकेको छैन। तत्कालीन पञ्चायत सरकारले सस्तो लगानीमा आयोजना निर्माण गर्ने भन्दै वि.सं. २०४३ सालमै भैगोलिक परीक्षण, पानीको बहाव परीक्षण तथा सर्वेक्षण समेत गरेको थियो । २०४६ सालमा बहुदल आएपछि पटक-पटक चर्चा भएपनि आयोजनाको कामले गती लिएन जति लगानी छ त्यो खर्च राज्यलाई भार मात्रै थपिएको छ ।

'संघीयता आउनु अघिदेखि आयोजनाको काम अघि बढ्छ भन्ने सुन्दै आएको छु', शीतगंगा ८ का वीरबहादुर आलेले भने, 'कार्यालय स्थापना भएको पनि वर्षौ भयो, काम भइरहेको छ भन्ने सुनेको छु ।' आयोजनाका नाममा धेरैपटक छलकपट भइसकेकाले आयोजनाको काम अघि बढ्छ भन्ने कुरामा विश्वस्त नभएको उनको भनाइ छ।

नौमुरे बहुउद्देश्यीय आयोजना स्टोरेजसहितको जलविद्युत् तथा सिँचाइ आयोजना हो । नौमुरे बहुउद्देश्यीय आयोजना अन्तर्गत नौमुरे जलविद्युत योजना २१८.३४ मेगावाट, लमाताल जलविद्युत योजना ८ मेगावाट र सुरैनाका जलविद्युत योजना ५४.७ मेगावाट गरी तीनवटा जलविद्युत आयोजना तैयारी हुनुपर्छ ।

नौमुरे मुख्य बाँधस्थल माडी र झिमरुक खोलाको संगमबाट करिब ३ किलोमिटर तल प्यूठान जिल्ला र अर्घाखाँची जिल्लाको भूभागमा लामाताल रिरेगुलेटिङ बाँधस्थल प्युठान र अर्घाखाँची जिल्लाको भू-भागमा नौमुरे मुख्य बाँधको करिब ६ किलोमिटर तलतिर अवस्थित छ ।

१५४ क्युविक मिटर/सेकेन्ड डिस्चार्जसहितको नौमुरे जलविद्युत योजना माथिल्लो भागमा पर्छ । यसको डाउनस्ट्रीममा लामाताल जलविद्युत योजना छ । लामाताल जलविद्युत योजनाको ब्यारेजले बाँके र देउखुरीका विद्यमान सिँचाइ आयोजनाहरूका लागि राप्ती नदीमा छोड्ने पानीको प्रवाहलाई पुनः नियमन गर्ने गरि काम अगाडि बढाउने गरि यसको मोडालिटि बनेको छ । सुरैनाका जलविद्युत योजना र प्रस्तावित कपिलवस्तु सिँचाइ आयोजनाको २९,७३६ हेक्टर सिँचाइका लागि ४१.६ क्युविक मिटर/सेकेन्डको डिस्चार्ज डाइभर्ट गरिएको योजना प्रमुख बोहोराले बताए ।

# दुर्व्यवहारका आरोपित शाही भूमि आयोग जुम्लाको अध्यक्ष

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, ४ माघ



सरकारले हालै भूमि समस्या समाधान आयोग गठन गरेको छ । भूमिहीन दलित, भूमिहीन सुकुम्बासी, अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउने गरी नयाँ आयोग गठन भएको हो ।

यसैबीच सरकारले भूमि आयोग जुम्लाको अध्यक्ष बालयौन दुर्व्यवहारको आरोपित एमाले नेता सुरतबहादुर शाहीलाई बनाइएको छ । शाहीमाथि आफ्नै छोरी नातापर्ने नाबालिकालाई करणी प्रयासको आरोपमा जिल्ला अदालत जुम्लामा मुद्दा चलिरहेको छ । शाहीले २०८० असोज १८ गते बालिकालाई सामाजिक सञ्जाल म्यासेन्जर र टेलिफोनमार्फत यौन सम्पर्कका लागि पटक-पटक प्रस्ताव राख्ने, नाङ्गो तस्बिरहरु खिचेर पठाउन दवाब दिने गरेका थिए ।उनले फोनमा भनेका छन्, 'म तिमीसँग अरू कुरा गर्दिनँ । तिम्रो पढ्ने कुरा फिक्स गरेको छु। तिम्रो पढाइको लागि खर्च म दिन्छु। राम्रोसँग पढ्नु अनि मैले मागेको त्यो कुरा दिन्छौं नि ?' प्रतिउत्तरमा बालिकाले हुन्छ के कुरा हो भन्नु नि ? भनेर सोधेपछि शाहीले सेक्स गर्न दिनुपर्छ भन्दै बालिकालाई फोटा पठाउनु फेसबुकको मेसेजमा भनेका छन् ।

बालिकाले के-को फोटा भनेर सोधेपछि शाही तिम्रो मिल्कको फोटा पठाउ भनेको फोन रेकर्डको अडियो सार्वजनिक भएको थियो । शाहीविरुद्ध बालयौन दुर्व्यवहारको आरोपमा यसअघि नै जाहेरी परेको थियो । बाल यौन क्रियाकलापका लागि प्रस्ताव गरेको आरोपमा नेता शाहीविरूद्ध जाहेरी दर्ता भएलगतै फरार भएका थिए ।

उनीमाथि बालबालिका विरुद्धको कसुर गरेको भन्दै गत असोज २४ गते जाहेरी परेको थियो । शाही जुम्ला आएर लुकीछिपी बसेको भन्ने हल्ला एक हप्ता अगावै बजारमा थियो । शाहीलाई गत आसोज २४ गते जाहेरी परेपछि जिल्ला अदालतबाट पक्राउ पूर्जी जारी भएको थियो ।

उनी २०८१ वैशाख १२ गते प्रहरीमा आफै हाजिर हुन जाँदा ५ दिन प्रहरी हिरासतमा बसेका थिए । उनको मुद्दाको अदालतमा बकपत्र समेत भएको छैन । पीडित बालिकाका बुबाले बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६६ बमोजिम जाहेरी दिएका थिए । प्रहरीले अनुसन्धानका लागि बैंक खाता समेत रोक्का गरेको छ ।

त्यस्तै भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले आफ्नो पार्टीले नियुक्त गरेको सुरतबहादु शाही अब्बल रहेको फोन संवादमा बताएका छन् । उनले जुम्ली जनताको भूमिहीन र सुकुम्बासी समस्या समाधान गर्नका लागि आरोपित शाहीलाई नियुक्ति गरेको दाबी गरे । उनले अदातलमा भएको मुद्दा झुटो भएको समेत बताए । यो नियुक्तिको कारणले न्याय प्रभावित नहुने उनले बताए । त्यस्तै हालै शाहीलाई एमाले जिल्ला कमिटीले प्रदेश समिति सदस्य मनोनयनको लागि सिफारिस गरेको चिट्ठी पनि सार्वजनिक भएको छ ।

शाहीका सम्पूर्ण बैंक खाता रोक्का रहेको छ । यस्तो अवस्थामा उनी आयोगको अध्यक्ष वापतको तलब, भत्ता बुझ्न पनि अयोग्य छन् ।

## चिसोले सर्लाहीको जनजीवन कष्टकर



**मलंवा/मस**–केही दिनयता बाक्लो हुस्सु र कुहिरोले सर्लाहीको जनजीवन कष्टकर भएको छ । चिसो हावासँगै शीत पनि झरिरहेकाले जनजीवन कष्टकर भएको हो ।

खासगरी तराई क्षेत्रमा हरेक वर्ष हिउँदमा बाक्लो कुहिरो लाग्ने गरेको छ । जलवायु परिवर्तनका कारण यो वर्ष केही फरक देखिएको छ । कुनै दिन चर्को घाम लाग्ने र कुनै दिन बाक्लो कुहिरो लाग्ने गरेको छ । बाक्लो कुहिरोका कारण बिहान सवारीसाधन चलाउन कठिन भएको चालकहरूले बताएका छन् ।

सवारीसाधनले दिउँसै बत्ती बालेर चलाउनुपर्ने अवस्था आएको छ भने दुर्घटनाको जोखिम पनि बढेको जिल्ला ट्राफिक कार्यालय नवलपुरले जनाएको छ । कुहिरोका कारण किसान खेतीपातीका काममा जान नसक्दा कृषि गतिविधिसमेत प्रभावित भएका छन् ।

कुहिरोका कारण हिउँदे बालीनालीमा क्षति भएको कृषि ज्ञान केन्द्रका प्रमुख देवानन्दराय यादवले जानकारी दिए । कुहिरो र चिसो हावाका कारण दैनिक कामकाजमा प्रभावित हुनुका साथै स्वास्थ्यसम्बन्धी समस्या पनि देखापरेको छ । यहाँका बालबालिका, वृद्धवृद्धा र ज्यालादारी गर्ने मजदुर सबैभन्दा बढी प्रभावित भएका छन् । चिसोका कारण श्वासप्रश्वास, निमोनिया र ज्वरोको समस्या बढ्न थालेको प्रादेशिक अस्पताल डा. अविनाश सिंहले जानकारी दिए ।

चिसोबाट प्रभावित विरामीको चाप स्थानीय स्वास्थ्य संस्थामा बढेको स्तुति सौम्य हेल्थ केयर चिकित्सक डा. गुणेश्वर झाले बताए । जिल्ला प्रशासन कार्यालयले कुहिरो र चिसोबाट बच्न आवश्यक सतर्कता अपनाउन जिल्लावासीलाई आह्वान गरेको छ ।

न्यानो कपडा लगाउन, बिहानबेलुका घरभित्रै बस्न र चिसोबाट जोगाउन बालबालिका तथा वृद्धवृद्धालाई विशेष ध्यान दिन प्रशासनले अनुरोध गरेको छ । विभिन्न ठाउँमा न्यानो कपडा वितरण र काठ, दाउरा बाल्ने व्यवस्था समाजसेवी संस्थाले गरेका छन् ।

यसैबीच जिल्ला प्रशासन कार्यालय सर्लाहीले पर्सा गाउँपालिका-३ र ४ मा चिसोबाट प्रभावित अतिविपन्न गरिब तथा दलित ६८ जनालाई र विष्णु गाउँपालिका-१ बाराका ६१ परिवारलाई फाइबर सिरक वितरण गरेको छ ।

## स्वास्थ्य क्षेत्रमा सरकारले लगानी बढाउनुपर्छ : देव गुरुङ

**जनक श्रेष्ठ/मध्यान्ह**
लमजुङ, ४ माघ



नेकपा माओवादी केन्द्रका महासचिव तथा पूर्वमन्त्री देवप्रसाद गुरुङले स्वास्थ्य क्षेत्रमा सरकारले लगानी बढाएर अझै गुणस्तरिय सेवा उपलब्ध गराउनुपर्ने बताएका छन् ।

शनिबार लमजुङ अस्पतालले मर्स्याङ्दी गाउँपालिका वडा नं. ३ खुदीमा आयोजना गरेको निःशुल्क स्वास्थ्य शिविर उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै उनले स्वास्थ्य नै सबैभन्दा ठूलो सम्पत्ती रहेकाले सरकारले यस क्षेत्रमा लगानी बढाएर नागरिकको रक्षा गर्नुपर्नेमा जोड दिए ।

जनताले स्वास्थ्य सेवा पाउनु मौलिक अधिकार रहेकाले जनतालाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनु तीन वटै सरकारको दायित्व रहेकाले यसतर्फ सरकारको ध्यान केन्द्रित हुन जरुरी रहेको महासचिव गुरुङको भनाइ छ । सरकारले गुणस्तरीय स्वास्थ्य सेवा मात्र नभइ पूर्वाधार, दक्ष जनशक्तिको पहुँच बढाउन सरकारले ध्यान दिँदै लगानी गर्नुपर्ने उनको भनाइ छ । स्वास्थ्य जस्तो संवेदनशील क्षेत्रमा सबैको ध्यान जान जरुरी रहेको र यसमा हेलचक्राई नगर्न उनले सबैलाई आग्रह गरे । त्यस्तै, जिल्ला अस्पतालले दुरदराजमा रहेका नागरिकको घर दैलोमा पुगेर स्वास्थ्य सेवा दिएको भन्दै प्रसंशा गरे ।

त्यस्तै, नेकपा एमालेका केन्द्रीय सदस्य तथा संविधानसभा सदस्य जमिन्द्रमान घले, मर्स्याङ्दी गाउँपालिका अध्यक्ष अर्जुन गुरुङलगायतले स्वास्थ्य क्षेत्रमा सबै नागरिकको पहुँच पुऱ्याउन सबै एकजुट हुनुपर्नेमा जोड दिए ।

त्यस्तै, जिल्ला अस्पताल व्यवस्थापन समितिका अध्यक्ष हरिजंग तामाङले अस्पतालले जिल्लाका विभिन्न ठाउँमा यस्ता शिविर गर्दै नागरिकको स्वास्थ्य पहुँच पुऱ्याउने काम गर्दै आएको बताए । शिविरमा ५०० जनाको विभिन्न स्वास्थ्य उपचार गराएको उनको भनाइ छ ।

## 'देशमा बढ्दो संकट रोक्न आइटी आर्मीको सकारात्मक योगदान'




**चितवन/मस**–पूर्वमन्त्री प्रभु साह नेतृत्वको आम जनता पार्टी (आजपा) निकट आइटी आर्मीले चितवन जिल्ला भेला गर्ने भएको छ । आइटी आर्मी संगठन विभाग प्रमुख आर्या पाण्डेको अध्यक्षतामा शनिबार बसेको बैठकले यहि माघ १२ गते केन्द्रीय अध्यक्ष प्रभु साहको प्रमुख आतिथ्यमा जिल्ला भेला भव्य रुपमा सम्पन्न गर्ने निर्णय गरेको छ ।

बैठकमा पाण्डेले आइटी बिना देशको विकास सम्भव नहुने बताए । उनले वैदेशिक रोजगारीमा भइरहेका ठगी रोक्न, भ्रष्टाचारीहरुलाई दण्डित गर्न तथा दलालबाट देशलाई बचाउन आइटी सेना निर्माण अपरिहार्य आवश्यकता भएको बताए । उनले आइटी आर्मीका युवाहरुले देशमा बढ्दो संकट रोक्न सकारात्मक योगदान गर्ने पनि बताए ।

बैठकमा महासचिव अमर साह, स्थायी कमिटी सदस्य विजय यादव निर्विज, रामशरण यादव, चितवन जिल्ला इन्चार्ज मीनबहादुर खत्री, जिल्ला अध्यक्ष तुमबहादुर थापा, जिल्ला सचिव श्याम पटेल, उपेन्द्र साह, नितेश साह मुकेश चौधरी लगायतको सहभागिता रहेको थियो ।

## अजिंगरे माविको ४२औं वार्षिकोत्सव मनाइँदै




**बिदुर, नुवाकोट/मस**–नुवाकोटको बिदुर नगरपालिका-१३ स्थित श्री अजिङ्गरे माध्यमिक विद्यालयले आफ्नो ४२औं वार्षिकोत्सव, अभिभावक दिवस, पुरस्कार वितरण तथा विविध सांस्कृतिक कार्यक्रम विशेष उत्साहका साथ मनाउने तयारी गरेको छ ।

बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह तामाङको प्रमुख आतिथ्यतामा कार्यक्रम आइतबार बिहान १० बजे विद्यालयको प्राङ्गणमा आयोजना गरिने विद्यालयका प्रधानाध्यापक रामचन्द्र भण्डारीले जानकारी दिए ।

कार्यक्रमलाई भव्य बनाउन निमन्त्रित अतिथि, अभिभावक, समाजसेवी, राजनीतिकर्मी तथा सरोकारवालाहरूलाई उपस्थितिका लागि पनि प्रअ भण्डारीले हार्दिक अनुरोध गरेका छन् । वार्षिकोत्सव कार्यक्रमका लागि सबै तयारी भइसकेको विद्यालयले जनाएको छ ।

**साउदीमा रोजगार**
कम्पनी: Alam Al Mutafawq Trading Company
शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०८१/१०/०४
चलानी नं.: ६०२३१४९२
L.T. No.: 317299

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FAST FOOD MAKER | 1 | 0 | स. काममा दक्ष | 1200 | ४४,२३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ १३ गते (26 January 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**अल रायन इन्टरप्राइजेज प्रा. लि.**
श्रम इजाजत नं. ४१६/०६०/०६१
सिनामंगल, तिलगंगा रोड नं ०३, काठमाडौं, नेपाल, फोन:०१-४४१२१७१
मो: ९८५१०६०१८५, Email: alryanktm@gmail.com

मध्यान्ह
www.madhyanhadaily.com
६ माघ २०८१ आइतबार
19 January 2025, Sunday

## सम्पादकीय

# नेतृत्वको बेइमानी

राष्ट्रिय राजनीतिमै हलचल ल्याउनेगरी उठेको मधेश आन्दोलनले १८ वर्ष पूरा गरेको छ । २०६२/०६३ सालको दोस्रो जनआन्दोलनपश्चात् बनेको अन्तरिम संविधान, २०६३ जलाएर मधेश आन्दोलन सुरू भएको थियो । २०६३ माघदेखि सुरू मधेश आन्दोलनबाट देशकै शासकीय संरचना र राज्य संचालन प्रणालीमा परिवर्तन भएको हो । नेपालको संविधान, २०७२ को मूल अन्तर्वस्तु संघीयता, समानुपातिक समावेशिता जस्ता प्रावधानको बलियो जस मधेश आन्दोलनलाई नै जान्छ । पुराना र प्रमुख राजनीतिक शक्तिहरूले संघीयता, समानुपातिक समावेशिता जस्ता अन्तर्वस्तुप्रति बलियो अडान लिन सकिरहेका थिएनन् । तर, अन्तरिम संविधान, २०६३ मै नेपाललाई 'संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल' लेख्न बाध्य बनाउनेगरी मधेश आन्दोलन चल्यो । आन्दोलित मधेशसँग सम्झौता गर्दा नेपालको महत्त्वपूर्ण परिवर्तन संस्थागत हुन पुग्यो ।

यद्यपि, विद्यमान संविधानप्रति मधेश केन्द्रित राजनीतिक दलहरूले पूर्ण अपनत्व लिन सकेका छैनन् । मधेश केन्द्रित दलहरूको बिमतिमै संविधान जारी भएकाले असहमति रहन पुगेको हो । संविधान जारी भइरहँदा मधेश आन्दोलित नै थियो । तर, पहिलो संविधानमार्फत राज्यका हरेक अंगमा समानुपातिक समावेशी व्यवस्था अपनाइने व्यवस्था गरिएपछि आन्दोलन केही मत्थर हुँदै गएको थियो । २०७४ सालको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनपछि ७ मध्ये एउटा प्रदेशको नामै मधेश राखियो । प्रदेशसभाको बहुमतबाट मधेश नामकरणसँगै लगभग मधेश शान्त छ । अर्थात्, क्षेत्रीय उत्पीडनविरूद्ध उठेको मधेश आन्दोलनले सिंगै देशको शासकीय संरचना र राज्य संचालनमा ठूलो परिर्वतन ल्यायो ।

त्यसैले मधेश आन्दोलनलाई राष्ट्रिय महत्त्वकै घटनाका रूपमा लिन सकिन्छ । बर्सेनि माघ पहिलो सातालाई मधेश आन्दोलन उत्सव भनेर सम्झनुपर्छ । तर, त्यस्तो भइरहेको छैन । मधेश आन्दोलनकै अगुवाइ गर्नेहरूसमेत यतिबेला मुर्छित छन् किनकि २०७९ सालको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनबाट मधेश केन्द्रित दलहरूको नतिजा राम्रो आएन । थोरै सिटमा खुम्चिएकाले उनीहरू राष्ट्रिय राजनीतिको किनारामा परेका हुन् । अर्थात्, जसले क्षेत्रीय उत्पीडन र विभेदविरूद्ध लड्दै राष्ट्रिय राजनीतिको नक्सा नै बदल्यो, त्यो शक्ति लगभग गुमनाम छ । यसका कारण तिनै नेताहरू हुन् । यदि सत्ताको स्वार्थमा ती नेताहरू नअल्मलिएका भए अहिले पनि राष्ट्रिय राजनीतिमा हस्तक्षेपकारी भूमिका उनीहरूको हुने थियो, जसले मधेश आन्दोलनलाई नसम्झी नहुने परिस्थिति बन्थ्यो भने सामाजिक न्यायको आन्दोलनले नयाँ उचाइ लिने थियो ।

## सामाजिक सञ्जाल



**अनिल गिरी**

दुई पुरुष र एक जना महिलाले मच्चाएको न्यायिक अराजकता, उनीहरूको कुत्सित चाहना पूरा नभएको कारण लाखौं सहकारीपीडितलाई अन्याय होइन, आत्महत्या गर्न विवश पारिँदै छ । पद्धति अहिलेको व्यवस्था धरापमा पारिँदै छ, देशलाई अराजकतातर्फ धकेलिँदै छ । राजनीतिक नेतृत्वले बेलैमा सोचोस् !




**जयन्तनाथ खनाल**

राजा वीरेन्द्रले लालमोहरको निम्ति प्रस्तुत भएको राष्ट्रघाती नागरिकता विधेयक अदालत पठाएर तुहाइदिएका थिए, पछि गणतन्त्रले त्यसको खाडो जगायो । अहिले हिजैको सर्वोच्चको फैसला विपरीत हुने भूमिसम्बन्धी अध्यादेशमा राष्ट्रपति पौडेलले लाहा छाप ठोकेका छन् । यही फरक छ नेपालका राजा र महाराजाहरूमा ।



**सूर्यराज आचार्य**

पहिलो पटकको तुलनामा दोस्रो पटक डोनाल्ड ट्रम्प स्पष्ट योजना र अनुभवी तथा कट्टर समर्थकको बलियो टोली लिएर ह्वाइट हाउस प्रवेश गर्दै छन् । अमेरिकाको आन्तरिक राजनीतिमा मात्र होइन, विश्व व्यवस्थामा पनि केही न केही फेरबदल हुन सक्ने जस्तो देखिन्छ ।



**डम्मर खतिवडा**

'ठूला-पुराना' भनिने दलहरूको दशकौं लामो अक्षम, भ्रष्ट, स्वार्थी, कलहपूर्ण, विग्रहकारी र असफल शासनबाट उत्पन्न निराशा र वितृष्णालाई भजाएर कथित 'नयाँ' भनिने ठग, नटवरलाल, फेकुलालहरूले जसरी नवफासीवादको जन्म गर्न गराउन खोजिरहेका छन्- आमनागरिक यी दुवै घातक प्रवृत्तिबाट जोगिन जरुरी छ ।

# पूर्वाधार विकास र सुशासन

अग्रलेख



● शंकरमान सिंह

> आज देशलाई गुणस्तरीय लगानीको खाँचो छ, जसका लागि सरकारले आवश्यक नीति बनाउँदै लगानीकर्ताहरूसँग समन्वय सुनिश्चित गर्नुपर्छ । स्वदेशी र विदेशी लगानीकर्ताहरूलाई देशको आवश्यकता र सम्भावनाअनुसार गर्न अनुरोध गर्नुपर्ने छ...

पूर्वाधारको विकासबाट नेपालले आफ्नो अपेक्षित आर्थिक वृद्धि र विकास लक्ष्य हासिल गर्न सक्छ । तर, नेपालको सन्दर्भमा पूर्वाधार विकासमा धेरै जटिलताहरू छन् । वित्तीय जोखिम, भूमि अधिग्रहण, सामुदायिक संलग्नता, वातावरणीय प्रभाव मूल्यांकन प्रक्रिया, सार्वजनिक-निजी साझेदारी, प्रतिस्पर्धात्मकता र विश्वासको अभाव जस्ता समस्याहरू देखिन्छन् ।

नेपालमा पूर्वाधारसँग सम्बन्धित बैंकिङ प्रणालीको स्थापना र प्रभावकारी संचालन हुन सकेको छैन । स्थापना भए पनि प्रभावकारी काम गर्न सकेको पाइँदैन, जसमा ऐन संशोधन गरी प्रक्रियामा ढिलाइ गरी सरलीकरण गरिनुपर्छ ।

आर्थिक सुशासनको अभावको कारण इमान्दार उद्योगी, व्यवसायीहरू कमजोर भएका छन् भने काममा ढिला सुस्ती र गैरजिम्मेवारीपूर्ण प्रवृत्तिमा व्यापक वृद्धि भएको छ, जसले आर्थिक अपराध र भ्रष्टाचार मौलाउने वातावरण अहिले पनि बनाएको छ ।

केही समय पहिले सम्पन्न अन्तर्राष्ट्रिय लगानी सम्मेलनहरूमा स्वदेशी तथा विदेशी लगानीकर्ताहरूबाट नेपालमा लगानी गर्न देखाएको उत्साह र व्यक्त आशयलाई वास्तविक लगानीमा रूपान्तरण गरी नेपाल सरकारले नेपाललाई विकासशील मुलुकको समूहमा स्तरोन्नति गर्न लिएको लक्ष्य पूरा गर्न आगामी दशकलाई 'लगानी तथा विकासको दशक' घोषणा गरी लगानीकर्ताहरूको समेत संलग्नतामा लगानीका विषयमा अवरोधलाई हटाउन कार्ययोजना तयार गरी कार्यान्वयन गरिनुपर्छ ।

### अन्तर प्रदेश समन्वय

प्रदेश-प्रदेशबिच सामाजिक रूपान्तरण एवं आर्थिक विकासका लागि प्रतिस्पर्धा गर्ने वातावरण तयार गर्नुपर्छ । प्रत्येक प्रदेशले छाता ऐनअन्तर्गत लगानीका आकर्षक एवं प्रतिस्पर्धी नीति कार्यान्वयन गरी आफ्ना प्रदेशका नागरिकको जीवनस्तर अन्य प्रदेशका नागरिकभन्दा उच्च स्तरको बनाउन सकारात्मक प्रतिस्पर्धा गर्नुपर्छ । जुन प्रदेशले उत्कृष्ट नतिजा प्राप्त गर्छ, उक्त प्रदेशलाई केन्द्र सरकारले विशेष प्रोत्साहन गर्ने नीति लिनु उपयुक्त हुन्छ ।

भूपरिवेष्टित मुलुक भएको नाताले नेपालको समुद्रसम्मको पहुँच र पारवहन लागत निकै खर्चिलो छ । पारवहन व्यवस्थामा छिमेकी मुलुकसँग सुविधा लिने मात्र नभई पारस्परिकताको आधारमा पारवहन प्रणालीलाई आत्मनिर्भर तुल्याई भूपरिवेष्टित मुलुकले पनि स्थल पुलको काम गर्नुपर्ने अवधारणा विकास भइरहेको सन्दर्भमा नेपालले पनि यसतर्फ आवश्यक पहलकदमी लिन उपयुक्त देखिन्छ ।

आयोजनाको विकासका लागि कानुनी सुधारको पर्खाइमा नबसौं, परियोजनामा हामफालौं र परियोजनालाई सुधारको बाटोमा लैजान दिऔं । परियोजना बैंकको स्थापना/पूर्वाधारमा लगानी बढाउनका लागि परियोजनाहरू तयार छन् । कुल गार्हस्थ्य उत्पादनको १२ प्रतिशत पूर्वाधार विकासमा छुट्याउनुपर्छ भन्ने सामान्य सिद्धान्त छ । नेपाल उच्च स्तरमा पूर्वाधारको अभावमा छ । यसका धेरै कारण छन् ।

वर्तमानमा, नेपालले अन्य देशहरूभन्दा फरक अन्तरिम प्रविधिमा अनावश्यक रूपमा प्रवेश नगरी आधुनिक प्रविधिको प्रत्यक्ष प्रयोग गरी विकासका गतिविधिहरूलाई तीव्रता दिने बहुमूल्य अवसर छ । त्यसै.गरी नेपालका लागि सडक, ऊर्जा र आईसीटी जस्ता पूर्वाधारको विकास गर्नु पनि अतिआवश्यक छ ।

त्यसैले हामीले हाम्रो कृषिमा आधारित अर्थतन्त्रलाई संरचनात्मक रूपमा विविधीकरण गर्न सक्छौं । वैदेशिक अनुदान सहयोगी पूर्वाधार विकास आयोजनामा वैदेशिक अनुदान र सहकार्यमा निजी क्षेत्रलाई संलग्न गराउने व्यवस्था मिलाउनुपर्छ ।

### सडक

रणनीतिक सडक संजाल र स्थानीय सडक संजालको नियमित गुणस्तर मर्मतका लागि सडक विभागलाई प्रभावकारी बनाउनुपर्छ । ट्रान्स हिमालयन इकोनोमिक कोरिडोरको विकाससँगै पूर्व-पश्चिम, मध्य-पहाडी र हुलाकी राजमार्ग, आर्थिक रूपमा सम्भावना भएका ५ वटा उत्तर-दक्षिण राजमार्गले



महत्त्वपूर्ण योगदान दिन सक्छन् । विभिन्न क्षेत्रीय आर्थिक सहयोग पहलहरूमा नेपालले आफ्नो उपस्थितिलाई सार्थक बनाउँदै राष्ट्रिय हितलाई सम्बोधन गर्नु महत्त्वपूर्ण छ ।

### ऊर्जा

पश्चिम सेती र माथिल्लो तामाकोसी जस्ता धेरै ठूला र दीर्घकालीन ऊर्जा आयोजनाहरूलाई राष्ट्रिय मेगा प्रोजेक्टको रूपमा मान्यता दिई सौर्य, वायु र इथानोल जस्ता ऊर्जा स्रोतहरूको सम्भाव्यता अध्ययन गरी विविधीकरण गरिनुपर्छ । यस क्षेत्रमा प्रोत्साहन प्रावधानहरू राम्रोसँग मस्यौदा र कार्यान्वयन हुनुपर्छ ।

बिजुलीको उत्पादन, प्रसारण र वितरणको व्यवस्थापन गर्न र संस्थागत क्षमता अभिवृद्धि गर्न छुट्टाछुट्टै स्वतन्त्र निकायको गठन गरिनुपर्छ । विद्युत् महसुल निर्धारण आयोगलाई थप प्रभावकारी बनाउनुपर्छ । अतिरिक्त ऊर्जा निर्यात गर्न अन्तर्राष्ट्रिय सम्झौता र समझदारीमा हस्ताक्षर गर्नुपर्छ । त्यसैगरी अन्तरदेशीय प्रसारण लाइनको विस्तारलाई प्राथमिकता दिनुपर्छ ।

नेपालमा उत्पादित ऊर्जालाई भरपर्दो, नियमित र दिगो रूपमा आपूर्ति गर्नका लागि पावर बैंक स्थापना गरिनुपर्छ । उच्चस्तरीय समझदारी र सम्झौता गरेर पावर ह्वीलिङ भए पनि नेपालमा उत्पादित बिजुली भारतको प्रसारण लाइन प्रयोग गरी निकासी गर्न सकिन्छ भन्ने कुरा नेपालले बंगलादेशमा बिजुली निर्यात गरेर देखायो ।

ऊर्जा आयोजना समयमै सम्पन्न भएपछि ग्रिडमा विद्युत् जोड्ने उद्यमीलाई प्रोत्साहन दिने व्यवस्थालाई प्रभावकारी बनाउनुपर्छ र त्यसैगरी विगतका सरकारहरूले गरेका प्रतिबद्धतालाई प्रभावकारी रूपमा व्यवहारमा उतार्नुपर्छ ।

### विमानस्थल

निर्माण सम्पन्न अन्तर्राष्ट्रिय विमानस्थललाई राष्ट्रिय ठूला आयोजनाका रूपमा मान्यता दिँदै चालू गर्न गम्भीर पहल गर्नुपर्ने देखिन्छ । पोखरा होस् वा भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल चालू गर्न सक्नुपर्छ । हालको आन्तरिक तथा अन्तर्राष्ट्रिय विमानस्थलको स्तरोन्नति गर्नुपर्छ । सम्भव भएसम्म सार्वजनिक-निजी साझेदारीको आदर्शमा विमानस्थल निर्माण र संचालन गर्नुपर्छ ।

अन्तर्राष्ट्रिय विमानस्थलको छवि सुधार्न स्तरोन्नति, शुद्धीकरण, सुरक्षा सतर्कता, सुरक्षा र व्यवस्थापन जस्ता महत्त्वपूर्ण सुधार गर्नुपर्ने र प्रतिष्ठित विमानस्थललाई रणनीतिक साझेदारीका साथ काममा सहकार्य गर्नुपर्छ । प्रस्तावित निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्य ४-५ वर्षभित्र सम्पन्न गर्ने योजनालाई प्राथमिकताका साथ कार्यान्वयन गर्नुपर्छ ।

### वन तथा वातावरण

वन तथा जैविक विविधताको संरक्षण र विस्तारलाई प्रोत्साहन गर्दै वातावरण र विकासबीच सन्तुलन कायम गर्न कानुन र नीतिमा परिमार्जन गरिनुपर्छ । जमिनका लागि जग्गाको सट्टा जमिनका लागि नगद अवधारणामा आधारित भएर पूर्वाधार र औद्योगिक विकास र वन संरक्षणबीच सन्तुलन ल्याउन राजस्व संकलन र व्यावसायीकृत वृक्षरोपण गर्न स्वतन्त्र निकाय गठन गर्नुपर्छ ।

पूर्वाधार, ऊर्जा, यातायात, खानेपानी र शहरीकरण जस्ता राष्ट्रिय प्राथमिकतामा रहेका ठूला आयोजनाहरूलाई तोकिएको समयमै सम्पन्न गर्नका लागि समयसमयमा प्रभावकारी रूपमा समीक्षा गरी ती सबैले अघि सारेका समीक्षा तथा नीति तथा कार्यक्रम सार्वजनिक गरिनुपर्छ ।

### लगानीका लागि वित्तीय उपकरण

पूर्वाधार, उत्पादन तथा उद्योग क्षेत्रको विकासका लागि पूर्वाधार कोष, निजी इक्विटी कोष, हरित लगानी कोष/ग्लोबल क्लाइमेट फन्ड, स्थानीय तह जस्ता नयाँ वित्तीय साधनहरूको पहिचान र उपयोग गर्न विद्यमान कानुन, ऐन र नियमहरूलाई परिमार्जन गरिनुपर्छ ।

चिनियाँ र भारतीय बैंकहरू नयाँ वित्तीय स्रोतका रूपमा उदाइरहेको वर्तमान परिप्रेक्ष्यमा स्थानीय वित्तीय संस्थाहरूसँग व्यापार सम्बन्ध विस्तार गर्ने उपयुक्त व्यवस्था मिलाउनुपर्छ ।

निजी क्षेत्रले योजनाबद्ध निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको विकासमा अन्य विभिन्न परियोजनाहरूमा साझेदारी गर्न सक्छ । हालको काठमाडौं केन्द्रित शहरीकरणलाई तराई-मधेशसँग जोड्नुपर्छ । बजार विस्तार गर्न र आर्थिक गतिविधि बढाउन प्रत्येक गाउँलाई सडक संजालले जोड्नु आवश्यक छ ।

सरकारले कोशी, गण्डकी र कर्णाली नदी बेसिनमा आधारित हुलाकी राजमार्ग, मध्य पहाडी लोकमार्गसहित पूर्व-पश्चिम राजमार्ग निर्माणलाई उचित प्राथमिकताका राखी काम गर्नुपर्छ ।

बढ्दो विश्वव्यापी तापक्रम र जलवायु परिवर्तनका समस्याहरूलाई ध्यानमा राख्दै नेपाललगायत देशहरूले लचिलो पूर्वाधार परियोजनाहरूको विकासमा ध्यान केन्द्रित गर्नुपर्छ । नेपालले समुदायमा आधारित पूर्वाधार विकास प्रक्रियालाई प्राथमिकता दिनुपर्छ, जसले गर्दा नेपालको विकास आकांक्षा र संयुक्त राष्ट्रसंघले अपनाएको दिगो विकास लक्ष्यहरूलाई जोड्न सकिन्छ ।

नेपालले व्यापार र लगानीका लागि अनुकूल वातावरण विकास गरेको छ । लगानीकर्ताका लागि नेपाल राम्रो विकल्प हो । सडक, रेलमार्ग, हवाईमार्ग र पर्यटन पूर्वाधारलगायत पूर्वाधारमा राम्रो लगानीले विकास प्रक्रियामा निजी क्षेत्रको सहज प्रवेश सुनिश्चित गर्ने छ । यससँगै सरकारले जोखिमलाई विविधीकरण र विभाजन गर्न निजी क्षेत्रको पनि सहयोग खोजिरहेको छ । ती आयोजनाहरूमा निजी क्षेत्रको लगानी आकर्षित गर्न केही पूर्वाधार परियोजनाहरू व्यावसायिक मोडेलमा पनि संचालन गर्न सकिन्छ ।

आज देशलाई गुणस्तरीय लगानीको खाँचो छ, जसका लागि सरकारले आवश्यक नीति बनाउँदै र लगानीकर्ताहरूसँग समन्वय सुनिश्चित गर्नुपर्छ । स्वदेशी र विदेशी लगानीकर्ताहरूलाई देशको आवश्यकता र सम्भावनाअनुसार गर्न अनुरोध गर्नुपर्ने छ ।

नेपालले अब अल्पविकसित देशको स्थितिबाट उत्तीर्ण हुने प्राविधिक मापदण्डहरू पूरा गरेको छ । सन् २०३० सम्ममा नेपालले लगभग सबै एसडीजीहरू पूरा गर्ने अपेक्षा गरेको छ । सम्मानजनक औसत प्रतिव्यक्ति आय भएको निम्न मध्यम आय भएको देश हुने अपेक्षा गरौं ।

## इतिहासमा आज

१९ जनवरी २०२० मा भारतीय क्रिकेटर विराट कोहली एक दिवसीय क्रिकेटमा सबैभन्दा बढी ५ हजार रन बनाउने कप्तान बनेका थिए ।





१९ जनवरी १९८६ मा पहिलो कम्प्युटर भाइरस 'सी. ब्रेन' सक्रिय गराइएको थियो ।





१९ जनवरी १९८१ मा अमेरिका र इरानबीच भएको सम्झौताबमोजिम ५२ जना अमेरिकी बन्धकलाई रिहा गरिएको थियो ।



१९ जनवरी १९४५ मा सोभियत सेनाले दोस्रो विश्वयुद्धका क्रममा पोल्यान्डको यहुदी बस्तीलाई नाजी पहराबाट मुक्त गरेको थियो ।



# राजनीतिक दल र जनअपेक्षा

विचार



● सन्दीप पनेरू

> नेपालका दलहरूले जनताको अपेक्षालाई पूरा गर्न अहिलेसम्म उल्लेख्य सफलता हासिल गरेका छैनन् । तर, आशा मार्ने अवस्था पनि छैन । जनताको दबाब र समयानुकूल रणनीतिले दलहरूलाई जिम्मेवार बनाउन सक्छ...

नेपालमा लोकतान्त्रिक अभ्यासले ७ दशकभन्दा लामो यात्रा पार गरिसकेको छ । यो यात्रामा जनताका अपेक्षाहरूले विभिन्न रूप र रङ ग्रहण गरेका छन् । यद्यपि, ती अपेक्षाहरू प्रायः अपूरा नै रहिरहे ।

नेपालका राजनीतिक दलहरू जनताका आकांक्षा र आवश्यकता पूरा गर्न सक्षम नभएका आरोप बारम्बार लाग्दै आएको छ । यस लेखमा हामी दलहरूको भूमिकालाई जनताका अपेक्षासँग तुलना गर्दै केही महत्त्वपूर्ण पक्षको विवेचना गर्ने छौं ।

### दलहरूको इतिहास र जनताका अपेक्षा

नेपालमा २००७ सालको प्रजातन्त्र स्थापनापछि जनताले दलहरूप्रति ठूलो भरोसा राखेका थिए । २०४६ सालमा प्रजातन्त्र पुनर्स्थापना र २०६२/०६३ को जनआन्दोलनले दलहरूप्रति आशाको नयाँ पाटो थप्यो । तर, यो आशा धेरै समय टिकेन ।

राजनीतिक दलहरूप्रति जनताको प्रमुख अपेक्षा भनेको स्थायित्व र समृद्धिको स्थापना हो । उनीहरूले लोकतन्त्रलाई सुदृढ गर्दै जनताको आधारभूत आवश्यकता- शिक्षा, स्वास्थ्य, रोजगारी र पूर्वाधारको विकासमा ध्यान दिनुपर्छ भन्ने सोच राखेका छन् ।

### अस्थिरताका कारण र प्रभाव

नेपाली राजनीतिमा बारम्बार देखिएको अस्थिरताले जनताको अपेक्षामाथि प्रहार गरिरहेको छ । छोटो अवधिमा सरकार परिवर्तन, सत्ता साझेदारीमा स्वार्थी व्यवहार र पार्टीभित्रको गुटबन्दीले विकासका कामलाई पछाडि पारेको छ।

२०५२ सालमा सुरु भएको माओवादी विद्रोहले पनि जनताको जीवनमा ठूलो प्रभाव पारेको थियो । त्यसपछिको शान्ति प्रक्रिया र संविधानसभाको गठनले केही समयका लागि आशा जगायो । तर, दलहरूले जनतासँग गरेका बाचा पूरा गर्न सकेनन् ।

### जनताका मुख्य अपेक्षाहरू

जनताका अपेक्षा मुख्यतः जीवनस्तर सुधारसँग जोडिएका छन्, जसलाई उल्लेखित विषयवस्तुबाट प्रस्ट्याउन सकिन्छ ।

रोजगारी : नेपालमा बेरोजगारी एउटा ठूलो समस्या हो । विशेषगरी बेरोजगारीकै कारण युवाहरू बिदेसिने क्रम बढ्दो छ । जनताले दलहरूसँग देशभित्रै रोजगारी सिर्जना गर्ने अपेक्षा राखेका छन् ।

शिक्षा र स्वास्थ्य : गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा पहुँच अझै पनि चुनौतीपूर्ण छ । सरकारी स्तरमा सुधार अपेक्षित छ । पूर्वाधार विकास : सडक, ऊर्जा र संचार क्षेत्रको विकास जनताको दीर्घकालीन अपेक्षाभित्र पर्छ ।

सुशासन र पारदर्शिता : भ्रष्टाचारले जरा गाडेको अवस्थामा जनताले सुशासन र पारदर्शिताको माग गरेका छन् ।

### दलहरूको असफलता र सम्भावना

राजनीतिक दलहरूको असफलताका प्रमुख कारणहरूमा स्वार्थी नेतृत्व, अपरिपक्व रणनीति र जनताको भावनाप्रति उदासीनता पर्छन् । यद्यपि, केही सकारात्मक पक्ष पनि छन् । स्थानीय तहमा जनताले केही सुधार अनुभव गरेका छन् । संघीयता लागू भएदेखि केही क्षेत्रमा विकासका संकेतहरू देखिएका छन् । यस्ता प्रयासहरूलाई सबल बनाउन राजनीतिक दलहरूले दीर्घकालीन योजनाबद्ध नीति अवलम्बन गर्नुपर्छ ।

### आगामी मार्गदर्शन

नेपालका दलहरूले अब जनताको विश्वास पुनः प्राप्त गर्न ठोस कदम चाल्नुपर्ने देखिन्छ । हालकै अवस्थामा जनताले नेतृत्वबाट अपेक्षित नतिजा पाउन सक्दैनन्, जसका निम्ति उल्लेखित कुराहरू हुन आवश्यक छ ।

नीतिमा स्पष्टता : दलहरूले दीर्घकालीन नीति बनाएर त्यसलाई कार्यान्वयन गर्नुपर्छ ।

जनताको सहभागिता : नीति निर्माणमा जनताको सक्रिय सहभागिता सुनिश्चित गर्नुपर्छ ।

समानता र समावेशिता : सबै क्षेत्र र समुदायका जनतालाई समान अवसर उपलब्ध गराउनुपर्छ ।

शिक्षित नेतृत्वको विकास : नेतृत्वमा जिम्मेवार र शिक्षित व्यक्तिहरू ल्याउनुपर्छ ।

### निष्कर्ष

नेपालका दलहरूले जनताको अपेक्षालाई पूरा गर्न अहिलेसम्म उल्लेख्य सफलता हासिल गरेका छैनन् । तर, आशा मार्ने अवस्था पनि छैन । जनताको दबाब र समयानुकूल रणनीतिले दलहरूलाई जिम्मेवार बनाउन सक्छ । यसका लागि जनताले आफ्नो अधिकारको प्रभावकारी उपयोग गर्नुपर्ने छ ।

नेपालका दल र जनता दुवै परिवर्तनका संवाहक हुन् । उनीहरूबीचको समन्वयले मात्र देशको भविष्य उज्यालो बन्न सक्छ । अबको यात्रा यस्तै सामूहिक प्रयासबाट अघि बढ्नुपर्छ ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# छत्रदेवमा ग्रामीण अल्ट्रासाउन्ड सेवा प्रभावकारी

सरु भुसाल/मध्यान्ह
अर्घाखाँची, ५ माघ

छत्रदेव गाउँपालिका अर्घाखाँचीले ग्रामीण अल्ट्रासाउन्ड सेवा सञ्चालन गरेपछि गर्भवती महिलालाई निकै सहज भएको छ । चर्को शुल्क तिरेर अल्ट्रासाउन्ड गराउन सन्धिखर्क जिल्ला अस्पताल धाउनुपर्ने झन्झट हटेर गएपछि स्थानीय खुसी भएका छन् ।

गर्भवतीलाई चार वर्षअघिदेखि निरन्तर गाउँपालिका अन्तर्गत वडा कार्यालयमा रहने स्वास्थ्य चौकीमै निःशुल्क रुपमा अल्ट्रासाउन्ड सेवा प्रदान गर्दै आएको छ । स्थानीय तह लागू भएदेखि ठूलापोखरा स्वास्थ्य चौकी, छत्रगन्ज स्वास्थ्य चौकी, केरुङ्गा स्वास्थ्य चौकी, बल्कोट प्राथमिक स्वास्थ्य केन्द्र चिदिका स्वास्थ्य चौकी, दुन्दुर्क स्वास्थ्य चौकीमा स्वास्थ्यकर्मी पुगेर अल्ट्रासाउन्ड सेवा प्रदान गरिएको र थप सेवा गाउँमा पुगेर दिन थालिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजन पाण्डेले जानकारी दिए । स्वास्थ्य शाखाका प्रमुख बुद्धिराम न्यौपानेले भने, 'यसअघि बल्कोट प्राथमिक स्वास्थ केन्द्रमा सेवा विस्तार गरेका थियौं । यस वर्षदेखि आधारभूत सबै स्वास्थ्य संस्थामार्फत सेवा दिएपछि अब गाउँमा पुगेर सेवा दिन सुरु गरेका छौं । कार्यक्रम निकै प्रभावकारी छ ।'




न्यौपानेका अनुसार सेवा सञ्चालनका लागि स्वास्थ्य संस्थामा रहेका नर्सिङ कर्मचारीलाई आधारभूत तालिमसँगै पुनःताजगी तालिम दिइ दक्ष बनाइएकोले भिडियो ऐक्सरे गर्न सहज भएको छ ।

अल्ट्रासाउन्ड सेवा दुर्गम ग्रामीण क्षेत्रसम्म पुऱ्याएर मातृ शिशुको मृत्युदरलाई शून्यमा झार्न मद्दत पुगेको शाखा प्रमुख न्यौपानेको भनाइ छ । 'गर्भमा रहेको शिशुको अवस्थाबारे अल्ट्रासाउन्डका माध्यमबाट सहजै पत्ता लाग्ने गर्दछ', उनले भने,'जोखिमा रहेको गर्भबारे गर्भवती आमासँगै अभिभावकलाई समयमै जानकारी गराइने भएकाले आमा र शिशुको ज्यान जोगउन सकिन्छ, विगतमा गर्भमा रहेको शिशुको अवस्था पत्ता नलाग्दा आमा र शिशुको ज्यान जाने गरेको थियो ।'

अल्ट्रासाउन्ड सेवा सञ्चालनले गर्भवती आमालाई निकै सहयोग पुऱ्याएकाले अल्ट्रासाउन्डको माध्यमबाट गर्भमा रहेको शिशुको अवस्था, तौल, गर्भको हप्ता, शिशुको वृद्धि विकास, प्लासेन्टको पोजिसन कस्तो छ ?, त्यो हेर्न सकिने न्यौपानेले दावी गरे ।

'अल्ट्रासाउन्डका माध्यमबाट गर्भको जोखिमको पहिचान हुन्छ', उनले भने,'बच्चा गर्भाशयमा खेल्ने नखेल्नेबारे जानकारी हुन्छ, ' एम्नियोटिक' तरल पदार्थ कति छ भनेर हेर्न सकिन्छ, शिशुको मुटुको धड्कनबारे जानकारी हुन्छ ।'

अल्ट्रासाउन्ड सेवा दुर्गम ग्रामीण क्षेत्रदेखि सुगमका बजार क्षेत्रसम्मका गर्भवतीसम्म पुगेकाले महिलाले यही सेवाका लागि अर्घाखाँची अस्पताल खर्चनुपर्ने ठूलो धनराशी जोगिएको गाउँपालिकाका अध्यक्ष चन्द्रमान श्रेष्ठ बताउँछन् । 'एक पटक अल्ट्रासाउन्ड गराउँदा निजी क्षेत्रका अस्पतालहरुले एक हजार छ सयसम्म शुल्क लिने गरेका छन्, पटक-पटक जाँच गराउनुपर्ने भएकाले निकै रकम खर्च हुन्छ' छत्रदेव ६ का कल्पना पाण्डेले भनिन्, 'टाढाका अस्पतालमा यातायातका साधन चढेर पुग्नुपर्ने हुन्छ, त्यसको खर्च थप हुन्छ, खर्चसँगै अस्पतालहरुमा पालो कुर्नुपर्ने हुन्छ ।' गाउँपालिकाको सेवाले महिला दिदीबहिनी हर्षित भएको उनले तर्क गरिन् ।

अल्ट्रासाउन्ड सेवा ग्रामीण क्षेत्रका स्वास्थ्य संस्थाहरुमा निःशल्क उपलब्ध हुन थालेपछि गर्भवतीले अर्घाखाँची अस्पताल खर्चनुपर्ने रकम जोगिएको पाण्डेको भनाइ छ । 'पालो कुर्नुपर्ने अवस्था पनि छैन, यातायातका साधन खाज्दै हिँड्नु पनि परेको छैन, घरदैलोमै सेवा पाउदा हामीलाई छत्रदेवबासीलाई निकै सहज भएको छ ।'

अल्ट्रासाउन्ड सेवा निकै प्रभावकारी देखिएकाले स्वास्थ्य शाखाले गाउँपालिकाका ८ वटै वडामा सेवा पुऱ्याउने लक्ष्य राखेको छ । त्यसका लागि गाउँपालिकाले गाउँसभाबाट बजेट विनियोजन गरी कार्यक्रमलाई निरन्तरता दिने तयारीमा छ ।

# कान्छा शेर्पालाई एभरेस्ट टुरिजम लाइफटाइम एचिभमेन्ट अवार्ड

**काठमाडौं/मस**-तेन्जिङ नोर्गे शेर्पा र सर एडमन्ड हिलारीसँग पहिलो पटक सगरमाथा आरोहण गर्ने टोलीका एक्ला जीवित सदस्य कान्छा शेर्पालाई 'एभरेष्ट टुरिजम अवार्ड, २०२५' को लाइफ टाइम एचिभमेन्ट अवार्डबाट सम्मान गरिएको छ ।




शनिबार आयोजित एभरेष्ट टुरिजम अवार्ड, २०२५ को अवसरमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्रिप्रसाद पाण्डेले उनलाई पर्यटन क्षेत्रमा गरेको अमूल्य योगदानको कदर गर्दै उक्त अवार्ड प्रदान गरेका आयोजनक एएमएस म्युजिक एण्ड म्यानेजमेन्ट प्रालिका अध्यक्ष सत्यकला तामाङ लामाले जानकारी दिइन् । शेर्पालाई ५१ हजार एक सय ५१ रुपैयाँ, दोसल्ला र प्रमाणप्रत्रसहित सम्मान गरिएको लामाले बताइन् ।

सन् १९३३ मा नाम्चेमा जन्मिएका उनले २० वर्षको उमेरदेखि आरहोण गरेका थिए । सम्मान ग्रहण गरेपछि उनले खुसी व्यक्त गर्दै पछिल्लो समय हिमालबाट हिउँ हराउँदै गएकामा चिन्ता प्रकट गरे । 'हामीले पहिलो पटक सगरमाथा आरोहण गर्ने समयभन्दा अहिले हिमाल धेरै परिवर्तन भइसकेको छ', उनले भने,'जलवायु परिवर्तनको असर सबैभन्दा बढी हिमाली क्षेत्रमा परेको छ, यसको क्षति न्यूनीकरणका लागि सबै एकजुट हुन जरुरी छ ।'

त्यसअवसरमा लोत्से र मनास्लु हिमाल आरोही कतारी राजकुमारी शेख आस्मा अल थानीलाई पनि सम्मान गरिएको थियो । साथै स्वर्गीय मउराइस हेर्जोङ, स्वर्गीय शम्भु तामाङ, स्वर्गीय जुनको ताबेइ, स्वर्गीय पासाङ ल्हामु शेर्पा, स्वर्गीय मीनबहादुर शेरचन, स्वर्गीय बाबुछिरिङ शेर्पा, स्वर्गीय डा.हर्क गुरुङ, स्वर्गीय प्रभाकर शमशेर जवरा, स्वर्गीय अम्बिका श्रेष्ठ, स्वर्गीय कर्नल जेम्स ओभेन मेरिकोन रोबर्टस, स्वर्गीय बोरिस लिसानेभिच, स्वर्गीय कुमार खड्क बिक्रम शाह, स्वर्गीय आङरिता शेर्पालगायत युचिसो मिउरा, उम होङ गिल, काजी शेर्पा, आपा शेर्पा, लाक्पा गुल्बु शेर्पालगायतलाई उहाँहरुले पर्यटन क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै सम्मान गरिएको थियो ।

त्यसअवसरमा पर्वतारोहणतर्फ कामीरिता शेर्पा, नीमा रेञ्जी शेर्पा, सानु शेर्पा, पूर्णिमा श्रेष्ठ, मिङ्मा ग्याल्जेन शेर्पा, पासाङ दावा शेर्पा, पासाङ नाम्गेल शेर्पा, लाक्पा डेन्डी शेर्पा, प्रितेम्बा शेर्पा, दावा ग्याङ्जुम शेर्पा, लाक्पा गेलु शेर्पा र फुन्जो झ्याङ्मु शेर्पा लामालाई अवार्ड प्रदान गरियो ।

साहसिक पर्यटनको ऱ्याफ्टिङतर्फ हिमालयन रिभर एक्लप्लोरेसन विधामा क्यानोनिङतर्फ राजेन्द्रबहादुर लामा र तिलक लामा, प्याराग्लाइडिङतर्फ सनराइज प्याराग्लाइडिङ, हट एयर बेलुनतर्फ बिक्रम बाडे, अल्ट्रा लाइटतर्फ एभिया क्लब नेपाल प्रालि, वाइल्ड लाइफतर्फ टाइगर टप्स, बञ्जी जम्पिङतर्फ द लास्ट रिसोर्टलाई अवार्ड प्रदान गरिएको थियो ।

त्यसैगरी आइसफल डाक्टरहरु आङ नीमा शेर्पा, आङकामी शेर्पा, आङ सार्की शेर्पालाई अवार्ड प्रदान गरियो भने माउन्टेन बाइकतर्फ सोनाम गुरुङ र राजेश मगर, लक्ष्मी मगरलाई अवार्ड प्रदान गरिएको छ ।

एएमएस म्युजिक एण्ड म्यानेजमेन्ट प्रालिका प्रबन्ध निर्देशक फुर्बा ग्याल्बो मोक्तान (थुप्तेन)का अनुसार रेक्युतर्फ छिरिङ पाण्डे बोटे, गेल्जे शेर्पा, ब्रिगेडियर जनरल गुञ्जामन लामा, छिरिङ पेम्बा शेर्पालाई अवार्ड प्रदान गरिएको छ ।

साथै टुरिजम एक्सिलेन्स अवार्ड पाउनेमा लाक्पा सोनाम शेर्पा, नेपाल एकेडेमी अफ टुरिजम एण्ड होटल म्यानेजमेन्ट (नाथम), ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान), हिमालयन रेस्क्यु एसोसिएसन, डा बुद्ध बस्यानत, बसन्त थापा, अभिनेत्री निशा अधिकारी, दछिरिङ शेर्पा, नाम्चेस्थित एभरेष्ट भ्यू होटल, द सोल्टी होटल रहेको प्रबन्ध निर्देशक मोक्तानले जानकारी दिए ।

# कतारमा संगीत र संस्कृतिमय बन्यो 'माघ्या सकराटी'

तिलु शर्मा पौडेल/मध्यान्ह
दोहा, कतार, ५ माघ

नेपाल मगर संघ शाखा कतारको आयोजनामा सम्पन्न ' माघ्या सकराटी' संगीत र संस्कृतिमय बनेको छ । कार्यक्रममा नेपालबाट आमन्त्रित अतिथि कलाकार लोक तथा दोहोरी गायिका सम्झना लामिछाने मगरसहित नेपाल मगर सांस्कृतिक परिवारका कलाकारहरूले माघ्या सकराटी (मिनाम सार ल्हेस) ५०१८ लाई संगीत र संस्कृतिमय बनाएका हुन् ।



अबुहमरको इन्डियन आइडियल स्कुलको सभा हलमा करिब एक हजार पाँच सयको संख्यामा उपस्थित नेपालीहरूमध्ये मगर समुदायका मानिस परम्परागत भेषभुषामा सजिएका थिए । कार्यक्रमको प्रांगणलाई तोरण, बेलुन र मालाले झकिझकाउ बनाइएको थियो । मध्याह्नबाट सुरु भएको कार्यक्रमको रौनक रातको ८ बजेसम्म नै चलिरह्यो ।

कार्यक्रममा अतिथि कलाकार लामिछाने चम्पा चमेली गीत गाउँदै स्टेज चढिन् । उनले कुर्सीमा बसिरहेका कार्यक्रमका प्रमुख अतिथि, सभापतिसहित दर्शकलाई एकसाथ नाच्न बाध्य पारिन् । रुमाल धोएर, घरमा पराल बारीमा बन्सो, देउन रुमाल बैना, फूल फुलेर पहेँलै, यसै त डल्ली नाच्चु हल्लीहल्लीलगायतका गीतहरू पहिलो चरणमा पेस गरिन् । प्रस्तुतिका बीचबीचमा उनले वास्तविक जीवनमा आफू विवाहित भए पनि कतारमा आफू सिंगल नै रहेको भन्दै युवाहरूको मनको ढुकढुकी बढाइन् ।

दुई चरण गरेर स्टेज चढेकी गायिकाले डेढ घण्टा गीत मात्र गाइनन्, कम्मर मर्काएर नाचिन् पनि । उनीसँग स्टेजमै चढेर फोटो खिच्नेदेखि सिरफूल लगाइदिनेसम्मका दर्शकलाई आफूसँगै नचाउँदै पूर्ण मनोरञ्जन प्रदान गरिन् ।

संघ शाखा कतारका अध्यक्ष रेशम आले मगरको सभाध्यक्षता तथा नेपाल आदिवासी जनजाति महासंघ कतारका अध्यक्ष डीएन मगरको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा सभाध्यक्ष, प्रमुख अतिथि, पूर्वअध्यक्ष तथा विशिष्ट अतिथिहरूलाई खादा र फेटाद्वारा सम्मान गरिएको थियो । नेपालका प्रथम शहीद लखन थापा मगर र ज्ञात अज्ञात शहीदको सम्झनामा मौन धारण समेत गरिएको थियो ।

नेपाल मगर सांस्कृतिक परिवारमा आबद्ध रहेका कलाकार हरूले स्वागत नृत्यसहित एरिया विभाग तथा समितिमा रहेका कलाकारहरूले सालै जो, कौराह, सोरठी, झ्याउरे, हुर्रा, भुम्या तथा अन्य संस्कृति झल्काउने एकल तथा सामूहिक नृत्य पस्केका थिए । सुरेश बिसी, रेश्मी सेन्चुरी, शिवराम ढकालगायतका कलाकारहरूले आफ्ना सांगीतिक प्रस्तुति दिएका थिए । जनजाति समुदायको परम्पराअनुसार मगर संघलाई नेपाल आदिवासी जनजाति महासंघमा आबद्ध रहेका मातृसंस्थाहरुले सद्भाव प्रकट गर्दै सगुन स्वरूप (कोसेली) उपहार प्रदान गरेका थिए ।

नेपाल मगर महिला विभागकी सचिव रबिना मगर र संघका महासचिव समीर थापा मगरले मिलेर सहजीकरण गरेको कार्यक्रममा बोल्दै प्रमुख अतिथि मगरले विगतका वर्षहरूमा भन्दा यो वर्षको सांस्कृतिक पर्व माघ्या सकराटी (मिनाम सार ल्हेस) ५०१८ भव्य भएको बताए । कार्यक्रमलाई सफल बनाउन विभिन्न कोणबाट सहयोग गर्ने सहयोगीहरूसहित कलाकार हरूलाई सम्मान पत्रद्वारा सम्मान गरिएको थियो । संघकी उपाध्यक्ष देवीकुमारी मगरले स्वागत मन्तव्य राखेको कार्यक्रम तथा माघ्या सकराटीका बारेमा कार्यक्रमका संयोजक कुमार राहादी मगरले प्रष्ट पारेका थिए । माघ्या सकराटी कार्यक्रमलाई भव्यताका साथ सम्पन्न गर्न सहयोग गर्ने सम्पूर्णलाई आभार व्यक्त गर्दै सभाध्यक्ष आले मगरले सम्पूर्ण कार्यक्रमलाई समापन गरेका थिए । सकराटी पर्वले धार्मिक सांस्कृतिक सद्भाव बढाउने, सामाजिक रीतिरिवाजको जगेर्ना गर्नेलगायत आपसी भाइचारा कायम राख्न पनि महत्वपूर्ण भूमिका खेलेको हुन्छ । कार्यक्रममा कतारमा स्थापित वैचारिक, सामाजिक, व्यावसायिक, सामुदायिक, साहित्यिक, संघ संस्थाहरूका प्रमुख, प्रतिनिधिहरूसहित समाजका अग्रज तथा बुद्धिजीवीहरूको उपस्थिति रहेको थियो ।

# मन्त्री चौधरीलाई मलेसियामा स्वागत

तिलोचन गौतम/मध्यान्ह
मलेसिया, ५ माघ

युवा तथा खेलकुद मन्त्री तेजुलाल चौधरीलाई मलेसियामा रहेका नेपालीहरुले स्वागत गरेका छन् । मन्त्री चौधरी थारु कल्याणकारिणी सभा 'थाकस' मलेसियाको आयोजनामा आइतबार हुन गइरहेको थाकस मलेसियाको नवौं वार्षिकोत्सव तथा माघी विशेष शुभकामना आदानप्रदान कार्यक्रम-२०२५ का लागि शनिबार बिहान मलेसिया पुगेका हुन् ।

मन्त्री चौधरीलाई मलेसियाका लागि नवनियुक्त राजदूत डा. नेत्रप्रसाद तिम्सिनासँगै दूतावासकै प्रमुख प्रशासकीय अधिकृत बलिराम प्रसाद धामी, थारु थाकस मलेसियाको संस्थापक/संरक्षक सञ्चारकर्मी घनश्याम चौधरी 'आरएन', थाकस मलेसिया सभापति ज्ञानचन्द चौधरी, सदस्य कृष्ण दङ्गोरिया थारु, नेपाली कांग्रेस सम्बद्ध जनसम्पर्क समिति मलेसियाका सभापति चोलाकान्त पङ्गेनी, उप-सभापति टेकबहादुर टामोटा, पूर्व उप-सभापति एवं एनआरएनए एनसीसी मलेसियाका सल्लाहकार बिनोद बहादुर थापा, महामन्त्री हरिप्रसाद कोईराला, पेय-गर मलेसिया संयोजक राजेन्द्र घिमिरे लगायतले मलेसियास्थित अन्तर्राष्ट्रिय विमानस्थल पुगेर फुलमाला र दोसल्ला ओढाइ स्वागत गरेका थिए ।



मन्त्री चौधरी वार्षिकोत्सव तथा माघी कार्यक्रममा प्रमुख अतिथिको रुपमा उपस्थित हुने कार्यक्रम तय भएको थाकस सभापति चौधरीले बताए । साथै निःशुल्क प्रवेश गर्न सकिने यस कार्यक्रममा दूतावाससँगै एनआरएनए मलेसिया, आदिवासी जनजाति महासंघलगायत विभिन्न सामाजिक, राजनीतिक संघसंस्थाहरुलाई निमन्त्रणा गरिसकिएको र आम नेपाली श्रमिकहरुको पनि उल्लेख्य सहभागिता रहनेमा आफूहरु विश्वस्त रहेको सभापति चौधरीले बताए ।

# प्रज्ञाप्रतिष्ठानमा पुस्तक प्रदर्शनी

**काठमाडौं/मस**- नेपाल प्रज्ञाप्रतिष्ठानले पठन संस्कृतिको विकासका लागि नियमित पुस्तक प्रदर्शनी सुरु गरेको छ । प्रतिष्ठानको भानुभक्त कक्षमा पठन संस्कृतिको विकासका लागि प्रतिष्ठानका कुलपति भूपाल राईले पुस्तक प्रदर्शनीको समुद्घाटन गरे ।

पुस्तक प्रदर्शनीमा नेपाली भाषा, साहित्य, संस्कृति, कला, इतिहास, दर्शनशास्त्र, समाजशास्त्रलगायतका पुस्तकहरू विक्रीका लागि राखिएको छ । प्रदर्शनीको मुख्य उद्देश्य प्रज्ञा प्रतिष्ठानका पुस्तकहरू पाठकसमक्ष पुऱ्याउँदै पठन संस्कृतिको विकासमा टेवा पुऱ्याउनु रहेको प्रतिष्ठानको भनाइ छ ।

'सबै भाषा, सबै ज्ञान, सबैको प्रज्ञा प्रतिष्ठान' भन्ने मन्त्रका साथ सुरु भएको उक्त प्रदर्शनीमा प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित महत्त्वपूर्ण र अनुसन्धानात्मक पुस्तकहरू राखिएको छ । समग्रमा हिमाल, पहाड, मधेश-तराईका विभिन्न संस्कार र संस्कृति, विभिन्न भाषाका कोशहरू प्रदर्शनी स्थलमा राखिएका छन् ।

प्रदर्शनीमा २०७० सालअघि प्रकाशित भएका पुस्तक तथा पत्रिकाहरू ६० प्रतिशत छुट र २०७१ सालयता देखि प्रकाशित भएका पुस्तक तथा पत्रिकाहरूमा विशेष ४० प्रतिशतको छुट दिइएको छ । शब्दकोशहरूमा १ प्रति को २० प्रतिशतदर कम छुट रहेको छ । यस प्रदर्शनी स्थलमा २ हजार थानभन्दा बढी पुस्तकहरू राखिएको छ ।

पुस्तक प्रदर्शनी २०८१ माघ २० गतेसम्म रहनेछ । प्रदर्शनीमा पुनः प्रकाशन भएका अमरकोश, नेपाली साहित्यकोश, कौटिल्यको अर्थशास्त्र, जाँ ज्याक रुसको कन्फेसन्स, ग्रिक महाकवि होमरको ओडिसी, हरेराम जोशीको प्राचीन अभिलेख, गुमानसिंह चाम्लिङको एरिस्टोटल र उनका काव्यशास्त्र 'पेरी पोइएतिकेस' लगायतका पुस्तकहरू राखिएको छ ।


## संस्थापक शेयर बिक्रीका सम्बन्धमा साविकका संस्थापकहरूका लागि जारी गरिएको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/१०/०६)

**प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेडका तपसिलमा उल्लेखित संस्थापक शेयरधनीले आफूले धारण गरेको कुल संस्थापक शेयर मध्ये उल्लेखित शेयर बिक्री गर्न इच्छुक रही, सञ्चालक समिति समक्ष निवेदन दिनुभएको हुँदा बीमकको संस्थापक शेयर कारोबार सम्बन्धी निर्देशिका, २०७७ को निर्देशन नं. ११ बमोजिम खरिद गर्न इच्छुक संस्थापक शेयरधनीहरूका लागि यो ३५ दिने सूचना जारी गरिएको छ । हाल कायम रहेको संस्थापक शेयरधनीहरूले उल्लेखित शेयर खरिद गर्न चाहेमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेडको केन्द्रीय कार्यालय कमलादी, काठमाडौंमा निवेदन पेश गर्नुहुन जानकारी गराईन्छ । उक्त समयसम्ममा कुनै निवेदन पेश हुन नआएमा कानून बमोजिम भइजाने व्यहोरा समेत अवगत गराईन्छ ।**

तपसिल

| क्र.सं. | शेयरधनीको नाम | बिक्री गर्न चाहेको शेयर संख्या | कैफियत |
|---|---|---|---|
| १. | श्री सैलेश श्रेष्ठ | १२,०७८ कित्ता | |
| २. | श्री सनराइज होल्डीङ्गस प्रा.लि. | १८,३४८ कित्ता | |
| ३. | श्री अनिल प्रसाद श्रेष्ठ | २,१९६ कित्ता | |
| ४. | श्री सैला श्रेष्ठ | १,२०,७८० कित्ता | |

Prabhu Mahalaxmi Life
प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड
कमलादी, काठमाडौं, नेपाल
फोनः ०१-५३६२२२३
ई-मेलः info@pmlil.com



## जापानमा रोजगार

GOKEI CLOUD COOPERATIVE SOCIETY
पूर्व स्वीकृती मितिः २०८१/१०/०३ चलानी नं. ६०२३१४२१ LT No.: 317221

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cultivation Agriculture | 3 | काममा दक्ष | 1,68,764 | १,५०,०००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | ३ बर्ष |

LEE LIFE CO. LTD पूर्व स्वीकृती मितिः २०८१/१०/०३ चलानी नं. ६०२३१४२२ LT No.: 317222

| सि.नं. | कामदारको पद | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Building Cleaning Management | 1 | काममा दक्ष | 1,65,000 | १,४७,०००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | ३ बर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैंले | रु. ७००/- कामदार आफैंले | रु.४०,०००/- |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः** (क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई २६ वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्बन्धि कामको निमित्त सम्बन्धित उद्योग, उद्यम वा सम्बन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्नेछ ।
**दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः** (क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्बन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिबद्धता सम्बन्धि कागजको प्रतिलिपि ।
**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति : स्थान यस प्रा.लि को कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र**
**२) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान अन्तर्वार्ता : प्रा. लि. को कार्यालय बसुन्धरा, काठमाडौंमा २०८१/१०/१३ गते (26 Jan., 2025) हुनेछ ।**
**वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस । २) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । ३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस । ४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस । ५) अनिवार्य रुपमा बिमा गराउनुहोस । ६) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस । सोको एक प्रति आफुसँग राख्नुहोस । ७) श्रम स्वीकृतिबिना वैदेशिक रोजगारीमा नजानुहोस । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस । वैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुराबुझ्नुहोस । अन्यथा ठगिने सम्भावना हुन्छ । ८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोस । ९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस । १०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस । ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस ।
**नोटः जापानिज भाषा N5 सम्म जानेको हुनुपर्नेछ । जापानिज भाषा स्पष्टसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनु अनिवार्य छ ।**

क्यापिटल इन्टरनेशनल म्यानपावर प्रा. लि.
श्रम इजाजत नं.: ५४३/०६१/०६२
बसुन्धारा-०९, काठमाडौं, फोनः ०१-४९५९७७२, ४९८४१९०, ४९८४१९१
९८५१०९९३०० (देबी प्रसाद अधिकारी), ९८१६७९७९७८, ९८२३८३१६२९, ९८१८३०६३३६, ९८१०२१९३४५
फ्याक्स नं. : ४३८३६२७, Email: capital2004@yahoo.com
"Real Happiness Lies in Making Other Happy"



## साउदीमा रोजगार

कम्पनीः FOUR SEASONS CO.
पूर्व स्वीकृत मितिः २०८१/१०/०४ चलानी नं.: ६०२३१४८९
शहरः Saudi Arabia
LT. No.: 317159

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | DRILLING WORKER | 8 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | POWER LINE LABOUR | 3 | 0 | | 1000 | ३६,८३० | | | | | | | |
| 3. | HEAVY TRUCK DRIVER | 2 | 0 | | 1800 | ६६,२९४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ १३ गते (26 January 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

नोटः यसै कम्पनीमा Barista, Kitchen Helper, Store Keeper र Heavy Driver हरुको पनि माग आएकोले निः शुल्क परामर्शको लागि कार्यालयमा संपर्क गर्न सक्नु हुनेछ ।

True Human Resource Pvt. Ltd.
श्रम इजाजत नं. १६०७/०७९/०८०
Tel: 01-5911977, 5911978, Mobile : 9822797702, 9822797705, 9822797707
Email : info@thrnepal.com, thrnepal22@gmail.com, Shambhu Marg, Kathmandu, Manpower Bazar, Near Airport Gate.

## प्रमिला रिजाल आईएसपीएको सम्मेलनमा सहभागी




**काठमाडौं/मस–** नृत्य निर्देशक, कलाकार तथा मोडेल प्रमिला रिजाल इन्टरनेसनल सोसाइटी फर द परफर्मिङ आर्ट्स (आईएसपीए)को सम्मेलनमा सहभागी भएकी छन् ।

इन्टरनेसनल सोसाइटी फर द परफर्मिङ आर्ट्स अमेरिकाको निमन्त्रणामा रिजालसहित विभिन्न कला क्षेत्रको प्रतिनिधित्व गर्ने ५० भन्दा बढी क्षेत्रका ५०० भन्दा बढी विज्ञहरूको सम्मेलनमा सहभागिता थियो । सम्मेलन अमेरिकाको न्युयोर्कमा १४ देखि १६ जनवरीसम्म आयोजना भएको थियो ।

आईएसपीएको उद्देश्य नेतृत्वको विकास, विचारको आदानप्रदान तथा संलग्न सदस्यता बढाएर विश्वव्यापी रूपमा प्रदर्शन कलालाई बलियो बनाउनु हो । सम्मेलनमा रिजालले आयोजकलगायत सहभागी प्रतिनिधिहरूलाई नेपाली कला, संस्कृतिको विषयमा जानकारी गराउँदै भविष्यमा सरकारी तथा गैरसरकारी निकायबाट नेपालमा पनि यस्तै कार्यक्रम गर्न सकिने बताइन् ।

## रेशम र सीताको ‘ढल्यो लाँकुरी’

**काठमाडौं/मस–** रेशम निर्दोष र सीता परियारको स्वरमा ‘ढल्यो लाँकुरी’ बोलको गीत सार्वजनिक भएको छ । पञ्चेबाजाको तालमा रहेको यो गीतलाई सीता परियार युटचुब च्यानलमार्फत सार्वजनिक गरिएको हो ।

रमेश बी. जी.को शब्द रहेको गीतको लय संकलन रमेश निर्दोषले गरेका छन् । गण्डक क्षेत्रको प्रचलित मौलिक लयमा आधारित गीतको एरेन्ज, मिक्सिङ र मास्टरिङ एचबीएन किस्मतले गरेका छन् । साथै, वान डी. बी. एचडीमा अडियो निर्माण भएको गीतको रेकर्डिङ राज खड्काले गरेका हुन् । करन चौसिर छायाकार रहेको यो गीतको भिडियोको छायांकन तनहुँ भानुचोकका विभिन्न स्थानमा गरिएको छ । भिडियोको सम्पादन अमृत चापागाईंले र शृंगार कविता तोलांगीले गरेका छन् ।

पूर्ण परियारको निर्माण, रेशम निर्दोषको निर्देशन रहेको म्युजिक भिडियोमा रेशम निर्दोष, जुना गुरुङ, पूर्ण परियार र सीता परियारको अभिनय छ । बागलुङे कोइलीका उपनामले परिचित सीता परियारका प्रत्यक्ष दोहोरी र अन्य गीतलाई दर्शक र स्रोताले मनपराएका छन् ।

नेपाली गीत, संगीतमा पञ्चेबाजा, नौमती बाजाको पनि महत्त्वपूर्ण स्थान छ । विशेषगरी विवाहलगायतका शुभकार्यमा गुञ्जिने यो गीत पछिल्लो समय भोज, पार्टी र उत्सव तथा महोत्सवमा पनि बजाउने चलन छ ।

### कृषि ज्ञान केन्द्र
गौर, रौतहट

**कृषि मेशिनरी उकरणहरुको आपूर्तिकर्ताहरुबाट शिलबन्दी दररेट प्रस्ताव आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८१/१०/०६**

यस कृषि ज्ञान केन्द्र रौतहटको चालू आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस कार्यालयबाट संचालन हुने विभिन्न कार्यक्रम अन्तर्गत कृषि मेशिनरी यन्त्र उपकरणहरु अनुदानमा वितरण गर्ने प्रयोजनका लागि मधेश प्रदेश सरकारबाट स्वीकृत कृषि क्षेत्रमा कार्यविधि, २०७६ र भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेश मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत कृषि यान्त्रीकरण सम्बन्धि कार्यक्रम संचालन विधी, २०७७ तथा कृषि विकास कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि, २०८१ बमोजिम यस कार्यालयबाट छनौट भएका अनुदानग्राहीलाई कृषि मेशिनरी यन्त्र उपकरणमा अनुदान दिने प्रयोजनको लागि योग्यता पुगेका ईच्छुक कृषि यन्त्र उत्पादक, आपूर्तिकर्ता, वितरकहरुबाट कार्यालयले उपलब्ध गराउने निर्दिष्ट फाराम भरी आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३१ औ दिन अर्थात मिति २०८१/११/०६ गते दिनको १२:००बजे भित्र यस कार्यालयमा शिलबन्दी दररेट प्रस्ताव पेश गर्न सूचित गरिन्छ । यस कार्यालयमा दर्ता भएका शिलबन्दी प्रस्तावहरू सूचना प्रकाशित भएको मितिले ३१ औं दिन मिति २०८१/११/०६ गते दिनको २:०० बजे आपूर्तिकर्ता वा निजको प्रतिनिधि तथा कार्यालयको रोहवरमा शिलबन्दि प्रस्ताव खोलिनेछ । शिल्बन्दी प्रस्ताव खोल्ने दिन विदा पर्न गएमा सोको भोलीपल्ट प्रस्ताव खोलिने छ । आपूर्तिकर्ता वा निजको प्रतिनिधि उपस्थित नभएमा शिलबन्दि प्रस्ताव खोल्न बाधा पर्ने छैन । थप विस्तृत जानकारीको लागि कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

**आवश्यक कागजात तथा शर्तहरु**

१. फर्म/कम्पनी दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।
२. फार्म नवीकरणको प्रमाणको प्रमाणित प्रतिलिपि वा कम्पनी भएमा कम्पनि रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनि अद्यावधिक भएको पत्रको प्रमाणित प्रतिलिपि अनिवार्य पेश गर्नु पर्ने ।
३. PAN वा VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।
४. पछिल्लो तीन आ.व. को लेखा परिक्षणको प्रमाणित प्रतिलिपी (सम्बन्धित कामको अनुभव ३ वर्षको हुनुपर्ने) ।
५. उत्पादनकर्ता कम्पनीले प्रदान गरेको आधिकारिक एजेन्टको (Authorized Agent) प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।
६. पछिल्लो आ.व. २०८०/८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
७. आपूर्ति गरिने कृषि मेशिनरी उपकरणहरुको Specification खुल्ने Catalogs र Leaflets ।
८. आपूर्तिकर्ताले आपूर्ति गर्न सक्ने कृषि मेशिनरी यन्त्र उपकरणको परिमाणको कुल रकमको न्यूनतम ५% बराबरको १३ महिना सम्म म्याद भएको सक्कल बैंक ग्यारेन्टी वा सो बराबरको रकम यस कृषि ज्ञान केन्द्रको कार्यालय कोड नं. ३१२०१२००१२ तथा रा. बा. बैंक, गौर (रौतहट) को धरौटी खाता नं. १२१०१००२०२०३०००० मा जम्मा गरी सक्कल भौचर सहित पेश गर्नु पर्नेछ ।
९. आपूर्तिकर्ताले कृषि यन्त्र उपकरणमा अनुदान कार्यक्रमका लागि सबै कृषि मेशिनरी उपकरणहरु वा आंशिक मेशिनरी उपकरणहरुको शिलबन्दी प्रस्ताव पेश गर्न सक्नेछ ।
१०. सुचिकृत भएको आपूर्तिकर्ताले प्रस्तावमा पेश गरेका यन्त्र उपकरणहरुलाई किसिम (Type), क्षमता (Capacity), मोडेल (Model), ब्राण्ड (Brand), र स्पेशिफिकेशनको आधारमा एकै खालका यन्त्र उपकरणहरुलाई समूहकृत 'गरी उक्त समूहमा परेको न्यूनतम मूल्य (Lower Rate) लाई आधार मानी मूल्य तोकिनेछ । छनौट भएका अनुदानग्राहीहरुले आफूले रुचाएको कृषि मेशिनरी यन्त्र उपकरणहरु सुचिकृत भएका आपूर्तिकर्ताबाट सम्बन्धित कृषि मेशिनरी यन्त्र उपकरणहरु खरिद गर्नेछन् ।
११. यस कार्यालयको स्वीकृत कार्यक्रमहरुको विनियोजित रकमको अधिनमा रहि अनुदानग्राहीबाट माग भएको कृषि मेशिनरी यन्त्र उपकरणहरु आपूर्ति गर्नुपर्नेछ । यसरी आपूर्ति गर्दा अनुदानग्राहीबाट शत प्रतिशत रकम लिई कृषि मेशिनरी यन्त्र उपकरण उपलब्ध गराउनुपर्नेछ । अनुदान वापतको रकम अनुदानग्राहीको खातामा जम्मा हुने गरी यस कार्यालयबाट भुक्तानी हुनेछ ।

### ‘मिसिङ : केटी हराएको सूचना’

# २ फरक समुदायको मनोविज्ञानको कथा




**काठमाडौं/मस–** पहाडी समुदायको केटा र मधेशी समुदायकी केटीको रहनसहन तथा मेलमिलापको विषयवस्तुलाई समेटेर निर्देशक दीपेन्द्र गौचनले चलचित्र ‘मिसिङ : केटी हराएको सूचना’ निर्देशन गरेका छन् । वृत्तचित्र ‘उजेली’, ‘हाम्रो मुमिन’लगायत निर्देशन गरेर परिचित भएका निर्देशक गौचनले नेपाली चलचित्रमा कमै देखिने मधेशको कथालाई विषय बनाएको बताए ।

उनले भने, ‘म तराईको सौन्दर्य र यसको समृद्ध साँस्कृतिक विविधता देखाउन चाहन्थें किनकि पहाडी र हिमाली क्षेत्रका धेरै कथा पर्दामा आएका छन् । जसरी उजेलीको चर्चा हुन्छ, त्यसरी नै केटी हराएको सूचनालाई पनि आउँदा धेरै वर्षसम्म सम्झिरहनेगरी बनाउने कोसिस गरेको छु । मैले निर्माण भइरहेका भन्दा केही फरक कथा र विषयलाई दर्शकसम्म ल्याउने कोसिस गरेको हुँ ।’

निर्देशक गौचनले सामाजिक संजालबाट भेटिएका २ पात्रबीच यात्रामा निस्किँदा आउने उतारचढाव, भौगोलिक, साँस्कृतिक विविधता र २ फरक समुदायको मनोविज्ञानलाई चलचित्रमा समेटेको बताए । सोही कारण उनले चलचित्रका अधिकांश दृश्यमा अभिनेता नाजिर हुसेन र अभिनेत्री सृष्टि श्रेष्ठलाई समेटेका छन् । उनले २ जना मात्रको मनोविज्ञान र रहनसहनले २ भिन्न समुदायको प्रतिनिधित्व गर्ने बताए ।

‘चलचित्रमा २ पात्रको फरक भूगोल र मनोविज्ञानलाई देखाउन खोजेको हुँ, त्यही भएर अधिकांश दृश्यमा उहाँहरू नै हुनुहुन्छ । यो हाम्रो अहिलेको समयको कथा हो, जहाँ समाजभन्दा बढी सामाजिक संजालमा रमाउने प्रचलन बढिरहेको छ । चलचित्रले हामीलाई आफूभित्रको खुसी खोज्न प्रेरित गर्छ’, निर्देशक गौचनले भने ।

चलचित्रमा अभिनेता हुसेन राम र अभिनेत्री श्रेष्ठ सीताको भूमिकामा छन् । ट्राई सिटी पिक्चर्स प्रस्तुतकर्ता रहेको चलचित्रमा सञ्जय गुप्ता, रामनारायण ठाकुर, मदन ठाकुर, रिना रिमाल, कौशल्या ठाकुर, ललितादेवी मिश्र, रूपेश मण्डल, सुदीप पटेल, अनिल कुर्मी, मनोज शाह, अर्जुन पोखरेल, ओमप्रकाश कर्णलगायत कलाकारले अभिनय गरेका छन् । यो चलचित्र ११ माघदेखि सार्वजनिक प्रदर्शनमा आउँदै छ ।

### Gandaki Provincial Government
### Ministry of Physical Infrastructure Development and Transport Management
### Infrastructure Development Directorate
## Infrastructure Development Office
Lamjung, Nepal

## Invitation for Bids

**Date of publication: 19th Jan. 2025 (2081/10/06)**

Infrastructure Development Office, Lamjung invites electronic/Online bids only from Nepalese eligible bidders for the construction of ***Projects mentioned below*** under National Competitive **Single Stage, Single Envelope** Bidding procedures and Sealed Quotation Procedures. All other information and Bid Document can be downloaded from PPMO website www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit only E-bid as per instruction within mentioned period.

| S. N. | Name of the Project | Contract id | Cost of Bid Document (NRs) | Estimated Cost (with vat and PS) | Bid Security (NRs.) |
|---|---|---|---|---|---|
| 1 | Maintenance work of Infrastructure Development Office, Lamjung | IDO/LAMJUNG/SQ/W/10/081-082 | 1000 | 19,21,101.16 | 45000 |
| 2 | Construction/Upgrading of Road to Sundarbazar ward no.4 Office,sundarbazar,Lamjung | IDO/LAMJUNG/SQ/W/11/081-082 | 1000 | 19,31,511.90 | 45000 |
| 3 | Construction of Roads in one Package(1.Bhulbhule Simalchaur Bhusme Road 2.Simalchaur Bhusme Road,Marsyangdi-08,Lamjung) | IDO/LAMJUNG/NCB/W/29/081-082 | 3000 | 28,97,225.09 | 65000 |

Pre Bid Meeting –9th Feb, 2025, 12:00
Bid Submission deadline 18th February 2025, 12:00 For NCB
Bid Submission deadline 3rd February,2025, 12:00 For SQ
Bid Opening – 18th February 2025, 13:00 For NCB
Bid Opening – 3rd February,2025, 13:00 for SQ
Information to deposit the cost of bidding document in the Bank:
Name of Bank: Rastriya Banijya Bank, Besisahar   Name of Office: Infrastructure Development Office , Lamjung
Office Code No: 3370137014, Office Account No: 1000100200010000, Rajaswo Sirsak No: 14229
Bid must be valid for a period of 90 days after bid opening For NCB and 45 days for SQ and must be accompanied by a bid security amounting listed above which shall be valid for 30 days beyond the validity period of bid i.e. 120 days for NCB and 75 days for SQ.

## Geruwa Rural Municipality
## Office of the Rural Municipal Executive
Pashupatinagar, Bardiya

## Invitation of Bids for the following works

**Date of Second Notice Publication:- 2081/10/06**

1. The Geruwa Rural Municipality invites electronic bids from eligible bidders for the following works.

| S. N. | Contract ID no | Description of works | Estimated Amount (Nrs) (Excluding VAT and Contingency but Including PS) | Bid Security Amount (Nrs) | Bid Security Validity Period | Bid Document Fee (Nrs) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | W/GRM/NCB/07/2081-082 | 3 no.wada karyalaya najik china tol jane batoma culvert nirman | 18,09,320.56 /- | 51,000/- | 120 days after Bid opening Date | 3,000/- | NCB, Single Stage Single Envelope |

2. Only Electronics bidding through www.bolpatra.gov.np/egp is permitted and bid shall be submitted on or before 12:00 PM 2081-11-07 and bid shall be opened on the same date at 2:00 PM. Elligible bidders may obtain further information from Geruwa RM and email:- geruwamun@gmail.com/ contact:-9868252424,9858038124 or may visit PPMO website www.bolpatra.gov.np/egp. bidders should deposit the cost involves in the projects account as specified below.

| Bank | Revenue Account | Revenue Heading | Dharauti Account |
|---|---|---|---|
| Nepal Investement Mega Bank Ltd, Geruwa Branch | 17201400000109 | 801810 | 17201400000062 |

3. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason whatsoever.
4. Matters not covered by this notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulations, 2064 and other prevailing rules and regulations.


**युएईमा रोजगार**
कम्पनी : Faham International FZE   शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/१०/०४   चलानी नं.: ६०२३१४५१   LT. No.: 317242

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 20 | 0 | स. काममा दक्ष | 900 | ३३,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ १३ गते (26 January 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Lulu International Pvt. Ltd.**
Govt. Lic. No. 1035/072/073
Samakhushi-26, Kathmandu, Tel: 01-4987011 | 01-4970151
Mob.: 9851083549 | 9802087028 | 9818065184

**बहराइनमा रोजगार**
कम्पनी: EASTERN ASPHALT & MIXED CONCRETE CO. W.L.L   शहर: Bahrain
पूर्व स्वीकृत मितिः २०८१/१०/०४   चलानी नं.: ६०२३१४५०   LT. No.: 317162

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 10 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ४४,०२० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician general | 5 | 0 | | 120 | ४४,०२० | | | | | | | |
| 3. | Fabricators | 5 | 0 | | 130 | ४७,६८९ | | | | | | | |
| 4. | HEAVY DRIVER/DRIVER | 15 | 0 | | 150 | ५५,०२६ | | | | | | | |
| 5. | Heavy Duty Driver ( Truck Mixer) | 10 | 0 | | 180 | ६६,०३१ | | | | | | | |
| 6. | JCB, Shovel & Excavator Operatos (N | 15 | 0 | | 150 | ५५,०२६ | | | | | | | |
| 7. | LIGHT DRIVER/DRIVER | 5 | 0 | | 120 | ४४,०२० | | | | | | | |
| 8. | MASON GENERAL | 10 | 0 | | 120 | ४४,०२० | | | | | | | |
| 9. | Mechanic | 5 | 0 | | 150 | ५५,०२६ | | | | | | | |
| 10. | Mechanical worker/semi skilled worker | 50 | 0 | | 100 | ३६,६८४ | | | | | | | |
| 11. | Office Assistant/Office Boy | 5 | 0 | | 100 | ३६,६८४ | | | | | | | |
| 12. | Painter | 5 | 0 | | 120 | ४४,०२० | | | | | | | |
| 13. | Plumber | 5 | 0 | | 120 | ४४,०२० | | | | | | | |
| 14. | SAND BLASTER | 5 | 0 | | 130 | ४७,६८९ | | | | | | | |
| 15. | Security Man | 50 | 0 | | 120 | ४४,०२० | | | | | | | |
| 16. | STEEL WORKER/STEEL FIXER | 10 | 0 | | 120 | ४४,०२० | | | | | | | |
| 17. | Supervisor | 2 | 0 | | 250 | ९१,७१० | | | | | | | |
| 18. | welder general | 5 | 0 | | 120 | ४४,०२० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ १३ गते (26 January 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Easy Overseas
Gov Lic No. : 1261/074/75
**EASY OVERSEAS PVT. LTD.**
Basundhara, Kathmandu, Tel.:01-4016539

### यू- १९ टी- २० महिला विश्वकप

# नेपाल बंगलादेशसँग ५ विकेटले पराजित



**काठमाडौं/मस-** आईसीसी यु-१९ टी-२० महिला विश्वकप क्रिकेट प्रतियोगिताअन्तर्गत आफ्नो पहिलो खेलमा नेपाल बंगलादेशसँग ५ विकेटले पराजित भएको छ। मलेसियाको बाङ्गीमा रहेको युकेएम ओभल क्रिकेट मैदानमा शनिबार सम्पन्न खेलमा नेपालले दिएको ५३ रनको विजयी लक्ष्य बंगगलादेशले १३ दशमलब २ ओभरमा ५ विकेटको क्षतिमा पूरा गऱ्यो।

बंगलादेशका लागि सादिया इस्लामले २४ बलमा एक चौकाको सहयोगमा १६ रन बनाइन्। सुमैया अक्तरले १२ र अफिया अशिमा इराले नौ रन जोडिन्। बलिङतर्फ नेपालकी रचना चौधरी, रिया शर्मा, सिमना केसी र पूजा महतोले समान एक/एक विकेट लिए।

टस हारेर पहिले ब्याटिङ गरेको नेपालले १८ दशमलव दुई ओभरमा सबै विकेट गुमाएर ५२ रन बनाएको थियो। नेपालका लागि ओपनर साना प्रविनले ३२ बलमा १९ रन बनाइन्। त्यस्तै सिमाना केसीले १० रनको योगदान दिइन्। अन्य नेपाली ब्याटरले दोहोरो अंकमा रन जोड्न सकेनन्। कप्तान पूजा महतो दुई रनमा आउट भइन् भने अलिशा यादवले चार रन बनाइन्। यसैगरी तिर्सना विक र रचना चौधरीले समान तीन/तीन रन बनाउँदा रिया शर्मा पाँच रनमा नटआउट रहिन्।

बंगलादेशका लागि जनाथन माओलाले दुई विकेट लिइन भने अनिसा सोवा, फोयोमोदी चोया र निशीता अख्तरले समान एक/एक विकेट लिए। नेपालले आफ्नो दोस्रो खेल यही माघ ७ गते स्कटल्यान्डसँग खेल्नेछ।

प्रतियोगिताको समूह 'डी'मा रहेको नेपाललाई सुपर-६ मा पुग्न कम्तीमा एउटा खेल जित्नुपर्छ। समूहमा नेपालसँगै बंगलादेश, स्कटल्याण्ड र अस्ट्रेलिया छन्। शनिबार नै भएको सोही समूहको पहिलो खेलमा अस्ट्रेलियाले स्कटल्याण्डलाई ९ विकेटले पराजित गरेको छ।

# विल्सन, कश्यप र रिब्सलाई केएमसी बास्केटबल उपाधि



**काठमाडौं/मस-** विल्सन एकेडेमी, कश्यप र रिब्सले चौथो केएमसी अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको उपाधि शनिबार जितेका छन्। विल्सन सिनियर ब्वाइज, कश्यप जुनियर ब्वाइज र रिब्स सिनियर गर्ल्स च्याम्पियन बने। तीनै टोली प्रतियोगिताको नयाँ च्याम्पियन हुन्।

बुद्धनगरस्थित आयोजक केएमसीको कोर्टमा भएको सिनियर ब्वाइज फाइनलमा विल्सनले हेम्सलाई ४५-४१ को साँघुरो अन्तरले पराजित गऱ्यो। विल्सनको जितमा रेहान डंगोलले १९ अंक योगदान गरे।

जुनियर ब्वाइज फाइनलमा एलेन लामाको १३ अंक सहयोगमा कश्यपले नेरिक एकेडेमीलाई ३२-२९ भीनो अन्तरले हरायो। कश्यपका एलेन लामाले १३ स्कोर गरे।

सिनियर गर्ल्सको उपाधि भिडन्तमा रिब्सले डिफेन्डिङ च्याम्पियन एनसीसीएसलाई ३५-२६ ले पाखा लगायो। खेल दुईपटक अत्तिरिक्त समयमा गएको थियो। रिब्सकी सुप्रिया मल्लले १५ स्कोर गरिन्।

फाइनलका सर्वाधिक स्कोरकर्तात्रय रेहान, एलेन र सुप्रिया आ-आफ्नो विधामा 'मोस्ट भेलुएबल प्लेयर' घोषित भए। सिनियर ब्वाइजमा गोदावरी रेसिडेन्सियल स्कुल, जुनियर ब्वाइजमा काठमाडौं शिक्षालय र सिनियर गर्ल्समा क्यान्भासले अनुशासित टिमको ट्रफी हात पारे।

विजेतालाई बागमती प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्री सुरजचन्द्र लामिछाने, नेपाल बास्केटबल संघका महासचिव नरेन्द्र थापा, केएमसीका कार्यकारी निर्देशक ध्रुव भट्टराई, एसोसिएट निर्देशक प्रा.डा. मनोजकुमार थापा, शैक्षिक निर्देशक प्रा.डा रमेशप्रसाद भट्टराई, प्रिन्सिपल द्वारिकानाथ अम्गाईंलगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे। पुस २७ गतेदेखि सुरु प्रतियोगिताको सिनियर ब्वाइजमा १६, जुनियर ब्वाइजमा १२ र सिनियर गर्ल्समा ८ टिम सहभागी थिए।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८१/१०/०६**

**ग्यालेक्सी ट्रेड कन्सर्न** को २०८१/०९/१६ गते सम्पन्न वार्षिक/ विशेष/साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **ग्यालेक्सी ट्रेड कन्सर्न प्रा. लि. (प्रा. लि. नं.: १५०२१९)** कायम गर्ने गरी मिति २०८१/०९/२४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**एनएमबि बैंक लिमिटेड**
**बबरमहल, काठमाडौं फोन नं.: ५३४६१६०**
**हकदाबी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना**
**प्रकाशित मितिः २०८१/१०/०६**

यस बैंकको निक्षेपकर्ता श्री कपुरे लुहार को नाती, श्री पुने लुहारको छोरा, साबिक डोटी जिल्ला, तिखात्तरै गा.बि.स वडा नं. ७ को हाल के.आई. सिहं गाउँपालिका वडा नं. २ बस्ने वर्ष ७० को श्री मनबिरे लुहार (ना.प्र.नं. ८/१७८३/०४६ जारी मिति २०४६/१२/१९) को मिति २०८१/०६/३० गते के.आई. सिहं गाउँपालीका वडा नं. २ गौडा गाउँमा निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको सा.सु खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनी निजको छोरा जोगि लुहारले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणित पत्र, निवेदन लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै ब्यक्तिको हकदाबी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदाबी गर्न आउनु हुन अनुरोध छ। अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकको छोरा जोगि लुहारको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### खो खो विश्वकप

# नेपालका दुवै टोली फाइनलमा



**काठमाडौं/मस-** भारतमा जारी खो खो विश्वकपअन्तर्गत नेपालको महिला तथा पुरुष दुवै टिम फाइनलमा प्रवेश गरेका छन्। शुक्रबार भएको सेमिफाइनलमा युगान्डालाई हराउँदै महिला टिम फाइनलमा पुगेको हो भने इरानलाई हराउँदै पुरुष टिम फाइनलमा पुगेको हो।

भारतको नयाँ दिल्लीस्थित इन्दिरा गान्धी इन्डोर खेल मैदानमा शनिबार भएको सेमिफाइनल खेलमा महिलातर्फ नेपालले युगान्डालाई ८९-१८ ले पराजित गऱ्यो। नेपालको महिला टोली अपराजित रहँदै फाइनल पुगेको हो।

महिलातर्फ समूह 'सी'मा रहेको नेपालले पहिलो खेलमा भुटानलाई ९३-२४ ले, दोस्रो खेलमा जर्मनीलाई ७३-३४ ले, तेस्रो खेलमा श्रीलंकालाई ११०-१० ले र चौथो खेलमा बंगलादेशलाई ८४-२४ ले पराजित गरेको थियो। यसैगरी क्वार्टरफाइनल खेलमा नेपालले इरानलाई १०३-८ अंकको अन्तरले हराउँदै सेमिफाइनलमा पुगेको थियो।

पुरुषतर्फ नयाँ दिल्लीस्थित इन्दिरा गान्धी इन्डोर हलमा भएको खेलमा नेपालले इरानलाई ७२-२० अंकको अन्तरले हरायो। पुरुर्षतर्फ नेपाल समूह चरणको पहिलो खेलमा भारतसँग पराजित हुँदा दोस्रो खेलमा पेरू, तेस्रो खेलमा ब्राजिल र चौथो खेलमा भुटानलाई हराएको थियो।

नेपालको टोली कुनै पनि खेलको विश्वकपमा फाइनल पुगेको यो पहिलोपटक हो। त्यसमा पनि महिला र पुरुष दुवै टोली फाइनलमा पुग्दै इतिहास रचेको छ।

MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट बैंक बाट ग बर्गको इजाजतपत्र प्राप्त संस्था)

ॐकार विल्डिङ्ग (दोस्रो तल्ला) नयाँ बानेश्वर, काठमाण्डौं
जि.पि.ओ. बक्सः २३१७०, काठमाण्डौं, नेपाल
फोन नं. ९७७-१-४७९२५१७, फ्याक्स : ९७७-१-४७९२५१७
Web: www.manjushreefinance.com.np
Email: info@manjushreefinance.com.np

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीका लागि गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको ०७ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८१/१०/०६**

यस वित्तीय संस्थाको बिभिन्न शाखा कार्यालयहरुबाट तपसिल बमोजिमको चल-अचल सम्पत्ति धितो राखि, कर्जा लिने तपाई ऋणीले यस संस्थालाई समय समयमा तिर्न बुझाउनु पर्ने साँवा ब्याज लगायतका वित्तीय संस्थाको लेना रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लघंन गर्नु भएको र पटक पटक मौखिक, लिखित, फोन तथा SMS मार्फत तर-ताकेता गर्दा समेत कर्जाको साँवा ब्याज लगायतका रकम चुक्ता भुक्तानी नगर्नु भएकोले यस अघि राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने र १५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त कर्जा चुक्ता पनि नभएको र धितो सकार गर्न कुनैपनि आवश्यक शिलबन्दी बोलपत्र नपरेको हुँदा उपरोक्त सम्पूर्ण ऋण कर्जामा धितोमा रहेका तपसिलमा उल्लेखित चल अचल सम्पत्ति लिलामका लागि यो सूचना प्रकाशित गरिएको छ। अतः धितो सुरक्षणमा रहेका तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति हाल जे/जस्तो अवस्थामा छ, सोही अवस्थामा निज ऋणीले यस वित्तीय संस्थालाई लेखिदिएको लिखत, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा प्रचलित ऐन कानुन बमोजिम लिलाम बिक्री गरी निज ऋणीबाट धनी वित्तीय संस्थाले असूल गर्न बाँकी रहेको लेना रकम असुल उपर गर्नुपर्ने भएको हुँदा उक्त धितो सुरक्षणमा रहेको चल-अचल सम्पत्ति हाल जे/जस्तो अवस्थामा छ, सोही अवस्थामा सकार गरी लिन इच्छुक महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले ०७ (सात) दिन भित्र कार्यालय समय भित्र आई पुग्ने गरि निम्न शर्तहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, नयाँ वानेश्वरमा ०८ औं दिन वा सो दिन विंदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन दिउसो ४:०० बजे खोलिने हुँदा उक्त दिन सम्वन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि तथा सम्वन्धित ऋणी तथा जमानीकर्तालाई उपस्थित हुन समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। तर सम्वन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि, सम्वन्धित ऋणी तथा व्यक्तिगत जमानी कर्ताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन। लिलामी कारवाही प्रकृया यस वित्तीय संस्थाको कर्जा निति अनुसार अगाडी बढाईनेछ। साथै शिलबन्दी बोलपत्रको म्यादभित्र सम्बन्धीत ऋणी तथा सरोकारवालाले सम्पुर्ण बाँकी बक्यौता कर्जा चुक्ता भुक्तान गरेमा भने बोलपत्र स्वतः रद्द हुनेछ।

**तपसिल**

**१. ऋणीको विवरण**

**क) ऋणीको नाम :** प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम प्रदेश सरकार, प्रदेश नं. ०१ उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, ईटहरी, सुनसरीमा मिति २०७७/०३/११ गते, प्रा.फा.नं. १५७४४/०७६/७७ मा दर्ता भएको, स्थायी लेखा नं. ६०६११८३७६ भई ईटहरी-०३ सुनसरी जिल्ला स्थित रजिष्टर्ड कार्यालय रहेको **श्री पाथिभरा कंक्रिट उद्योग (प्रोपाइटरको नाम : गायत्री खड्का)।**
**कर्जाको प्रकार : व्यवसाय अधिविकर्ष कर्जा तथा कर्ण बहादुर अधिकारीको नाममा प्रवाह भएको सानो सजिलो कर्जा**
**ख) ऋणीको नाम : कर्ण बहादुर अधिकारी**

**व्यक्तिगत जमानीदिनेहरूको विवरणः**

| | |
|---|---|
| **प्रोप्राईटर/व्यक्तिगत जमानिकर्ता : गायत्री खड्का**<br>बाबु : लोक वहादुर खड्का<br>पति : कर्ण बहादुर अधिकारी<br>ना.प्र.नं. : ०६३००५/२६४४<br>जारी मिति : २०६३/११/२५, जि.प्र.का. : सुनसरी<br>ठेगाना : सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा. वडा नं. ०३। | **ऋणी/व्यक्तिगत जमानिकर्ता : कर्ण बहादुर अधिकारी**<br>बाबु : छत्र वहादुर अधिकारी<br>बाजे : वैज नाथ अधिकारी<br>ना.प्र.नं. : ०६८०४१२/८१४१२<br>जारी मिति : २०६०/०५/०७, जि.प्र.का. : सुनसरी<br>ठेगाना : सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा. वडा नं. ०३। |

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण :**

श्री कर्ण बहादुर अधिकारीको नाममा मा.पो.का., इनरुवा, सुनसरीमा दर्ता कायम रहेको सुनसरी जिल्ला इटहरी गा.वि.स./न.पा. वडा नं. ३, नक्सा सिट नं. ३ख स्थित कि.नं. ८७० र ८६५ को क्रमश क्षेत्रफल ०-०-५.२५-० (८८.८९ व.मी.) र ०-०-१०-० (१६९.३२ व.मी.) को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत।

**२. ऋणीको विवरण**

**ऋणीको नाम :** नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७७/१२/११ गते, दर्ता नं. २६०२८३/०७७/०७८ मा दर्ता भएको स्थायी लेखा नं. ६०९९८०१८३ भई रुपन्देही जिल्ला, सिद्धर्थनगर न.पा. वडा नं. ८ स्थित रजिष्टर्ड कार्यालय रहेको **होटल ओम तारा।**
**(अख्तियार प्राप्त संञ्चालक : तारा गोदार नेपाल र ओम कृष्ण श्रेष्ठ)**
**कर्जाको प्रकार : व्यवसाय कर्जा**

**व्यक्तिगत जमानीदिनेहरूको विवरणः**

| | |
|---|---|
| **संञ्चालक/व्यक्तिगत जमानिकर्ता : तारा गोदार नेपाल**<br>बाबु : केहर सिं गोदार<br>पती : सुरेश नेपाल<br>ना.प्र.नं. : ३७-०२-७४-०४७८६<br>जारी मिति : २०७४/०५/०४, जि.प्र.का. : रुपन्देही<br>ठेगाना : रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ०८।<br>हाल : रुपन्देही जिल्ला वुटवल उ.म.न.पा. वडा नं. ०४। | **व्यक्तिगत जमानिकर्ता : सुरेश नेपाल**<br>बाबु : कृष्ण प्रसाद नेपाल<br>बाजे : लोकनाथ नेपाल<br>ना.प्र.नं. : १७/०४७/०४८<br>जारी मिति : २०४७/११/३०, जि.प्र.का. : रोल्पा<br>ठेगाना : पाल्पा जिल्ला, तानसेन न.पा. वडा नं. ११ को परीवर्तीत पाल्पा जिल्ला तानसेन न.पा. वडा नं. ०७।<br>हाल : रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ०४। |
| **संञ्चालक/व्यक्तिगत जमानिकर्ता : ओम कृष्ण श्रेष्ठ**<br>बाबु : राम बहादुर श्रेष्ठ<br>बाजे : तेज बहादुर श्रेष्ठ<br>ना.प्र.नं. : ७/१०९२<br>जारी मिति : २०४४/१२/२४, जि.प्र.का. : रुपन्देही<br>ठेगाना : रुपन्देही जिल्ला, साविक सेमलार नगर/गाँउ पञ्चायत वडा नं. ०१ को परीवर्तीत रुपन्देही जिल्ला वुटवल उ.म.न.पा. वडा नं. १७।<br>हाल : रुपन्देही जिल्ला वुटवल उ.म.न.पा. वडा नं. १५। | **व्यक्तिगत जमानिकर्ता : श्रीकृष्ण श्रेष्ठ**<br>बाबु : राम बहादुर श्रेष्ठ<br>बाजे : तेज बहादुर श्रेष्ठ<br>ना.प्र.नं. : २/३६४२<br>जारी मिति : २०४६/०३/०५, जि.प्र.का. : रुपन्देही<br>ठेगाना : रुपन्देही जिल्ला, साविक सेमलार नगर/गाँउ पञ्चायत वडा नं. ०१ को परीवर्तीत रुपन्देही जिल्ला वुटवल उ.म.न.पा. वडा नं. १७।<br>हाल : रुपन्देही जिल्ला वुटवल उ.म.न.पा. वडा नं. १५। |

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण :**

श्रीमती तारा गोदार नेपालको नाममा मा.पो.का., परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) मा दर्ता कायम रहेको नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला, माकर न.पा./गा.वि.स. वडा नं. ९, नक्सा सिट नं. ९ग स्थित कि.नं. १६७ को क्षेत्रफल ०-५-०-० (१६९३.१५ व.मी.) को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत।

**३. ऋणीको विवरण**

**ऋणीको नाम : तारा गोदार नेपाल**
कर्जाको प्रकार : आवाश कर्जा
बाबु : केहर सिं गोदार
पति : सुरेश नेपाल
ना.प्र.नं. : ३७-०२-७४-०४७८६, जारी मिति : २०७४/०५/०४, जि.प्र.का., रुपन्देही
ठेगाना : रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ०८, हाल : रुपन्देही जिल्ला वुटवल उ.म.न.पा. वडा नं. ०४।

**व्यक्तिगत जमानीदिनेहरूको विवरणः**

| | |
|---|---|
| **व्यक्तिगत जमानिकर्ता : याम कुमारी गोदार**<br>बाबु : टोप बहादुर कार्की<br>पति : केहर सिं.गोदार<br>ना.प्र.नं. : १३४<br>जारी मिति : २०४६/०२/३, जि.प्र.का. : पाल्पा<br>ठेगाना : पाल्पा जिल्ला, खसौली गा.वि.स. वडा नं. ०१ को परीवर्तित पाल्पा जिल्ला रिब्दीकोट गा.पा. वडा नं. ०५।<br>हाल : रुपन्देही जिल्ला बुटवल उ.म.न.पा.वडा नं. ०४। | **व्यक्तिगत जमानिकर्ता : सुरेश नेपाल**<br>बाबु : कृष्ण प्रसाद नेपाल<br>बाजे : लोकनाथ नेपाल<br>ना.प्र.नं. : १७/०४७/०४८<br>जारी मिति : २०४७/११/३०, जि.प्र.का. : रोल्पा<br>ठेगाना : पाल्पा जिल्ला, तानसेन न.पा. वडा नं. ११ को परीवर्तीत पाल्पा जिल्ला तानसेन न.पा. वडा नं. ०७।<br>हाल : रुपन्देही जिल्ला बुटवल उ.म.न.पा.वडा नं. ०४। |

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण :**

श्रीमती तारा गोदार नेपालको नाममा मा.पो.का., बुटवल, रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, मक्रहर न.पा./गा.वि.स. वडा नं. ५, नक्सा सिट नं. ५ग स्थित कि.नं. २९० को क्षेत्रफल ०-१-०-० (३३८.५८ व.मी.) को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत।

**४. ऋणीको विवरण**

**ऋणीको नाम :** प्राईभेट फर्म दर्ता ऐन, २०७६ बमोजिम प्रदेश सरकार, लुम्बिनी प्रदेश उद्योग वाणिज्य तथा आपुर्ती मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, सिद्धार्थनगर, रुपन्देही मा मिति २०८०/०४/१६ गते, प्राईभेट फर्म दर्ता १३९३-८-२०८०/८१ भई, स्थायी लेखा नं. १३९९४९७६४ भई रुपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा नं. ३ स्थित रजिष्टर्ड कार्यालय रहेको **मल्ल मार्ट। (प्रोप्राइटर : सुरेश मल्ल)**
**कर्जाको प्रकार : व्यवसाय आवधिक कर्जा तथा आवाश कर्जा**

**व्यक्तिगत जमानीदिनेहरूको विवरणः**

| | |
|---|---|
| **ऋणी/प्रोप्राइटर/व्यक्तिगत जमानिकर्ता : सुरेश मल्ल**<br>बाबु : देव बहादुर मल्ल<br>बाजे : गणेश बहादुर<br>ना.प्र.नं. : १९९९७<br>जारी मिति : २०४७/१२/२६<br>जि.प्र.का. : रुपन्देही<br>ठेगाना : रुपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा नं. ३। | **व्यक्तिगत जमानिकर्ता : बिशाल मल्ल**<br>बाबु : सुरेश मल्ल<br>बाजे : देव बहादुर मल्ल<br>ना.प्र.नं.: ३७-०२-७७-०४०२१<br>जारी मिति : २०७७/१०/०७<br>जि.प्र.का. : रुपन्देही<br>ठेगाना : रुपन्देही जिल्ला तिलोत्तमा न.पा वडा नं. ३। |

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण :**

क) सुरेश मल्लको नाममा मा.पो.का., बुटवल, रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, केरवानी गा.वि.स./न.पा. वडा नं. ०२, नक्सा सिट नं. २ब स्थित कि.नं. १५० र १५१ को क्षेत्रफल १६९.३० व.मि. र १०१५.८९ व.मि. को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत।

**५. ऋणीको विवरण**

**क) ऋणीको नाम :** प्राईभेट फर्म दर्ता ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, सिद्धार्थनगर, रुपन्देहीमा मिति २०५९/०६/२३ गते, प्रा.फ.नं.घ.उ.का. ३४४९/०५९/०६० भई, स्थायी लेखा नं. ३०२९५३१८३ भई रुपन्देही जिल्ला शंकरनगर वडा नं. ८ स्थित रजिष्टर्ड कार्यालय रहेको **शुभ लक्ष्मी काष्ठ उद्योग। (प्रोप्राइटर : राजिव विक्रम मल्ल)**
**कर्जाको प्रकार : व्यवसाय अधिविकर्ष कर्जा तथा प्रतिमा राना (मल्ल) को नाममा आवाश कर्जा समेत।**

**व्यक्तिगत जमानीदिनेहरूको विवरणः**

| | |
|---|---|
| **प्रोप्राइटर/व्यक्तिगत जमानिकर्ता : राजिव विक्रम मल्ल**<br>बाबु : नर बहादुर मल्ल<br>बाजे : गणेश बहादुर मल्ल<br>ना.प्र.नं. : १८३१५<br>जारी मिति : २०५९/०५/१६,<br>जि.प्र.का. : रुपन्देही<br>ठेगाना : रुपन्देही जिल्ला बुटवल गा.वि.स./उ.म.न.पा. वडा नं. १२ को परिवर्तित बुटवल उ.म.न.पा. वडा नं. १०। | **ऋणी/व्यक्तिगत जमानिकर्ता : (ख) प्रतिमा राना (मल्ल)**<br>बाबु : नर बहादुर राना<br>पती : राजिव विक्रम मल्ल<br>ना.प्र.नं. : ३७२०२४/५६०९२<br>जारी मिति : २०६६/०८/०४<br>जि.प्र.का., रुपन्देही<br>ठेगाना : रुपन्देही जिल्ला बुटवल गा.वि.स./ उ.म.न.पा. वडा नं. १२ को परिवर्तित बुटवल उ.म.न.पा. वडा नं. १०। |
| **व्यक्तिगत जमानिकर्ता : ज्ञानु सेन ठकुरी**<br>बाबु : दलबहादुर सेन ठकुरी<br>पती : नर बहादुर मल्ल<br>ना.प्र.नं. : ३८/१२९५/३३५९<br>जारी मिति : २०३९/०७/२३<br>जि.प्र.का. : कपिलबस्तु<br>ठेगाना : कपिलबस्तु जिल्ला भलवाड उ.म.न.पा./ गा.वि.स. वडा नं. ०७। | **व्यक्तिगत जमानिकर्ता : संजिव विक्रम मल्ल**<br>बाबु : नर बहादुर मल्ल ठकुरी<br>बाजे : गणेश बहादुर मल्ल<br>ना.प्र.नं. : २६३८५<br>जारी मिति : २०६१/०५/०५, जि.प्र.का. : रुपन्देही<br>ठेगाना : रुपन्देही जिल्ला बुटवल गा.वि.स./उ.म.न.पा. वडा नं १२ को परिवर्तित बुटवल उ.म.न.पा वडा नं. १०। |

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण :**

क) ज्ञानु सेन ठकुरीको नाममा मा.पो.का., बुटवल, रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, आनन्दवन न.पा./गा.पा. वडा नं. ०३, नक्सा सिट नं. ३घ स्थित कि.नं. ७५६२ र ७५८८ को क्षेत्रफल ०-०-५ वि.क.धु. र ०-०-४ वि.क.धु. को घर/जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत।
ख) प्रतिमा राना (मल्ल)को नाममा मा.पो.का., बुटवल, रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. ११, नक्सा सिट नं. ०९८११५८२४ स्थित कि.नं. ३३८ र ३३५ को क्षेत्रफल ६४.९५ व.मि. र १०४.०३ व.मि. को घर/जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत।

**शर्तहरूः**

१. बोलपत्र फाराम यस वित्तीय संस्थाको केन्द्रिय कार्यालय नयाँ बानेश्वरबाट तथा शाखा कार्यालयहरुबाट रु. १००।- तिरी खरिद गर्न सकिनेछ। फोटोकपी गरिएको फाराम मान्य हुने छैन।
२. प्राप्त बोलपत्र फाराममा कुनै प्राविधिक तथा अन्य समस्या देखिएमा यस वित्तीय संस्थाको निणर्य अन्तिम हुनेछ। शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम हुन नसकेमा उक्त सम्पतिको स्वामित्व वित्तीय संस्थाले लिन सक्ने छ।
३. गोप्य शिलबन्दी फाराम यो सुचना प्रकाशित भएको मितिले ०७ औ दिन (सो दिन विदा परेमा त्यस लगतै कार्यालय खुलेको दिन) वित्तीय संस्थाको केन्द्रिय कार्यालय नयाँ बानेश्वरमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ। प्राप्त बोलपत्रहरु यस वित्तीय संस्थाको केन्द्रिय कार्यालय नयाँवानेश्वरमा उपरोक्त बमोजिम प्राप्त भएको अन्तिम मितिको भोलिपल्ट वा सो दिन बिदा परेमा त्यस लगतै कार्यालय खुलेको दिन खोलिनेछ।
४. यस सम्बन्धमा अन्य कुनै कुरा बुझ्नु परेमा वित्तीय संस्थाको केन्द्रिय कार्यालय नयाँबानेश्वरमा सम्पर्क राख्न सकिने छ। लिलाम बिक्री सम्बन्धी विस्तृत शर्तहरु बोलपत्र आवेदन फारममा उल्लेख गरिनछे।

**लिलामीका लागि शिलबन्दी बोलपत्र खोलिने स्थान, समय र मिति :**
मञ्जुश्री फाईनान्स लिमिटेड, केन्द्रीय कार्यालय, नयाँ बानेश्वर, काठमाडौं।
**समय :** दिउसो ४:०० बजे, **मिति :** २०८१/१०/१४।

आर्थिक
www.madhyanhadaily.com

गो.द.का.द.नं. ३३/०६९/०७०
६ माघ २०८१ आइतबार
19 January 2025, Sunday



# प्रसारणलाइनमा निजी क्षेत्रको प्रवेशले जलविद्युत्मा लगानी बढ्छ

**नेपालमा जलविद्युत् क्षेत्रलाई आर्थिक विकासको मुख्य आधारको रूपमा हेरिएको छ । सरकारले १० वर्षमा २८ हजार ५ सय मेगावाट जलविद्युत् उत्पादन गर्ने लक्ष्य लिएको छ । जलविद्युत् उत्पादनको लक्ष्यलाई कसरी प्राप्त गर्न सकिन्छ भन्ने विषयमा सरकार, निजी क्षेत्र र विभिन्न सरोकारवालाहरू सो विषयमा विचार मन्थन गरिरहेका छन् । सरकारले निर्धारण गरेको विद्युत् उत्पादनको लक्ष्य र जलस्रोतलाई उपयोग गरेर जलविद्युत् उत्पादनमा सरकार र निजी क्षेत्रबीच कसरी समन्वय गरेर काम गर्न अआवश्यक छ भन्ने विषयमा पूर्व उर्जा सचिव देवेन्द्र कार्कीसँग मध्यान्हका छबि सापकोटाले कुराकानी गरेका छन् ।**

■ **देवेन्द्र कार्की**, पूर्वसचिव

**नेपालमा जलविद्युत् क्षेत्रमा भइरहेको लगानीलाई कसरी हेर्न सकिन्छ ?**

नेपालको जलविद्युत्मा निजी क्षेत्रको प्रवेशसँगै लगानी पनि बढीरहेको छ । सरकार र निजी क्षेत्रबीचको सक्रियताको कारण लगानी मात्रै नभएर उत्पादनमा पनि वृद्धि भएको छ । नेपाली लगानीकर्ताले छोटो समयमै विदेशी कम्पनीलाई टक्कर दिने सक्नेगरी क्षमता विस्तार गर्न सफल भएको देखिन्छ ।

निजी क्षेत्र उर्जा क्षेत्रमा लगानी गर्न तयार नभएको भए जलविद्युत् क्षेत्रको विकास अहिलेको अवस्थामा पुग्ने थिएन । निजी क्षेत्रको सहभागिता बिना अबका दिनमा उर्जा उत्पादनमा निर्धारित लक्ष्य प्राप्त नहुने भएकाले यसमा सरकारको थप सहजीकरण आवश्यक देखिन्छ ।

अब सरकारको भूमिका आफैँ उर्जा उत्पादन गर्ने भन्दा पनि नियमन गर्ने, सहजीकरण गर्नेतर्फ केन्द्रित हुनु आवश्यक छ । सरकारले ठूला तथा जलायसययुक्त आयोजना बनाउन आवश्यक छ ।

**उर्जा क्षेत्रमा देखिएको व्यापार विस्तारलाई कसरी हेर्न सकिन्छ ?**

सरकारले १० वर्षमा २८ हजार मेगावाट विद्युत् उत्पादनको लक्ष्य राखेको छ । विद्युत् व्यापारको विषयमा पछिल्लो समयमा निकै नै परिर्वतन आएको छ । आन्तरिक खपत बढ्दो गतिमा छ । घरायसी खाना पकाउने ग्यासको प्रयोग कम गर्ने र विद्युतीय चुलोलाई प्राथमिकता दिँदै जान सकिन्छ । सवारी साधनको क्षेत्रमा पनि पेट्रोलियमको तुलनामा विद्युतीय सवारी साधनको प्रयोग बढ्दो छ । आगामी दिनमा पेट्रोल डिजलबाट चल्ने सवारी साधनलाई विस्थापित गर्नेगरी सरकारले नीति बनाउन आवश्यक छ ।

विद्युतको उत्पादनसँगै अब देशैभर घरेलु तथा साना उद्योगलाई प्रवर्द्धन गर्ने, उद्योगहरू खोल्ने र त्यसको लागि विद्युत्मा अनुदान दिने हो भने आन्तरिक खपतको मात्रलाई दोब्बरले बढाउन सकिन्छ । त्यस्तै, नेपालको विद्युत्को मार्केट छिमेकी भारत सहित बंगलादेश समेत थपिएको छ । यसले नेपालको विद्युत्को व्यापार अगामी दिन थप उज्वल छ भन्ने सन्देश दिएको छ ।

**सरकार र निजी क्षेत्रको सहकार्य कसरी बढ्नु पर्छ ?**

उर्जा क्षेत्र आर्थिक समृद्धिको मुख्य आधार नै हो । यो क्षेत्रको विकासका लागि सरकारले अबका दिनमा निजी क्षेत्रलाई साथमा लिएर अगाडि बढ्न आवश्यक छ । निजी क्षेत्रको सहभागिता जहाँ भइरहेको त्यहाँ कामको गति राम्रो देखिन्छ । अहिले जसरी जलविद्युत् आयोजना बनाउनका लागि निजी क्षेत्र अगाडि बढेका छन् उनीहरूलाई निराश बनाउन हुँदैन ।

केही वर्ष अघिसम्म समेत नेपालको जलविद्युत्मा लगानीको लागि विदेशी सहयोग, विदेशी व्यक्ति, प्रविधि नै चाहिन्छ भन्ने भाष्य थियो तर, अहिले नेपाली लगानीकर्ताले ठूला आयोजना बनाउन सक्ने हौसियत बनाएका छन् । जुन गतिमा नेपाली लगानीकर्ताले नेपालको जलविद्युत् उत्पादनमा आफ्नो दक्षता देखाएका छन् त्यसले नेपाली लगानीकर्ताले अब उर्जा उत्पादन सक्छन् भन्ने भरोसा गर्न सक्ने अवस्था आएको छ ।

**निजी क्षेत्रले पनि प्रसारणलाईन बनाउन पाउनुपर्ने विषयलाई कसरी हेर्नुभएको छ ?**

देशमा विद्युत् उत्पादन निरन्तर बढिरहेको छ । विद्युत् उत्पादनसँगै त्यसको आन्तरिक तथा बाह्य व्यापारको लागि अब प्रसारणलाईनको आवश्यकता देखिएको छ । प्रसारणलाईनलाई तीब्र गतिमा निर्माण नगर्ने हो भने हाम्रो उत्पादन खेर जान सक्छ । त्यसैले समयमै प्रसारण लाइनमा निजी क्षेत्रको प्रवेश अनिवार्य छ ।

निजी क्षेत्रलाई प्रसारणलाईनमा लगानी गर्न दिने हो भने नेपालको जलविद्युत्ले ठूलो फड्को मार्न सक्छ । प्रसारणलाईन बनाउनका लागि निजी क्षेत्रलाई जिम्मेबारी दिने हो भने जलविद्युत्मा समेत लगानी बढ्छ । प्रसारणलाइन निमार्णमा हामी पछि पर्‍यौं भने जलविद्युत्मा देखिएको सम्भावनामा ब्रेक लाग्न सक्छ ।

## पर्यटन क्षेत्रको विकासका लागि १० वर्षे कार्ययोजना तयार हुँदै

**धादिङ/मस** – संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डे पर्यटन क्षेत्रबाट मुलुकको आर्थिक समृद्धि हासिल गर्न १० वर्षे कार्ययोजना तयार भइरहेको बताएका छन् । शनिबार राष्ट्रिय लोकतान्त्रिक अपाङ्ग संघ धादिङको दोस्रो जिल्ला अधिवेशन उद्घाटनपछि उनले प्रधानमन्त्री, अर्थमन्त्री, कानुनमन्त्रीसहित पर्यटनसँग जोडिएका मन्त्रालयसँगको समन्वयमा कार्ययोजना तयार गरिरहेको बताए । मन्त्रालय निजी क्षेत्रसँग सहकार्य गरेर पर्यटन क्षेत्रको विकास गर्न तत्पर रहेको र



पर्यटन क्षेत्रको विकासका लागि निजी क्षेत्रको भूमिका महत्वपूर्ण हुने उनको भनाइ थियो । 'नेपालमा पर्यटकीय पूर्वाधार निर्माण भइरहेका छन्, अहिले पनि लाखौँ पर्यटक ल्याउने अवसर छ', उनले भने, 'हाम्रा संस्कृति, पर्यटन र नागरिक उड्डयन क्षेत्रलाई चलायमान बनाउने दिशामा हामी तत्परताका साथ लागिरहेका छौँ ।'

नेपाली कांग्रेसका सहमहामन्त्रीसमेत रहेका पाण्डेले मूल प्रतिस्पर्धी नेकपा (एमाले) सँगको गठबन्धन अवसर र चुनौती दुवै रहेको बताए । 'एमालेसँग सहकार्य र प्रतिस्पर्धा दुवै हुन्छ', उनले भने, 'एमालेसँग सरकारमा सहकार्य र चुनावमा प्रतिस्पर्धा हुन्छ । अहिले एमाले र कांग्रेसको गठबन्धन सुशासन, भ्रष्टाचार न्यूनीकरण र सरकारलाई स्थायित्व दिनको लागि हो ।'

## २ कम्पनीलाई साधारण शेयर विक्रीको अनुमति

**काठमाडौं/मस** – लामो समयदेखि रोकिदै आएको साधारण शेयर निष्काशनका लागि अनुमति दिने प्रक्रिया सुरु भएको छ । नियामक निकाय नेपाल धितोपत्र बोर्डले दुई वटा कम्पनीलाई साधारण शेयर बिक्रीका लागि पछिल्लो पटक अनुमति दिएको छ ।

बोर्डले क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड र ओम मेगाश्री फार्मासिटिकल्सलाई साधारण शेयर बिक्रीका लागि अनुमति दिएको छ । बोर्डले क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्सलाई २२ करोड ५० लाख मूल्य बराबरको २२ लाख ५० हजार कित्ता साधारण शेयर बिक्री लागि यही माघ ३ गते अनुमति दिएको हो । सो कम्पनीको शेयर बिक्री प्रबन्धकमा एनआइएमबी एस क्यापिटल रहेको छ ।




यस्तै, बोर्डले ओम मेगाश्रीलाई १८ करोड बराबरको १८ लाख कित्ता साधारण शेयर बिक्रीका लागि अनुमति दिएको छ । सो कम्पनीको शेयर बिक्री प्रबन्धकमा प्रभु क्यापिटल रहेको छ । बोर्डले दुई वटा कम्पनीको ८५ करोड ५० लाख मूल्य बराबरको ८५ लाख ५० हजार कित्ता साधाण शेयर बिक्रीका लागि अनुमति दिएको हो ।

यस्तै, बोर्डले साना तथा मझौला संगठित संस्थाको धितोपत्र निष्काशन तथा कारोबार नियमावली लागू गरेको छ । सो नियमावली लागू भएसँगै साना तथा मझौला संस्थालाई साधारण शेयर बिक्रीका लागि मार्ग प्रशस्त भएको छ । शेयर बजारको विस्तारका लागि यो नियमावली महत्वपूर्ण रहेको छ ।

बोर्डमा हालसम्म ५१ अर्ब ११ करोड २४ लाख एक हजार छ सय ३२ मूल्य बराबरको ३५ करोड ५० लाख ३७ हजार दुई सय ८५ कित्ता साधारण शेयर बिक्रीका लागि आवेदन परेको छ ।

## भाटभटेनी क्लब मेम्बर्सलाई २२ करोडको गिफ्ट भौचर

**काठमाडौं/मस** – भाटभटेनी सुपर स्टोर्सले ग्राहकहरूलाई २२ करोड बढीको गिफ्ट भौचर प्रदान गर्ने भएको छ । भाटभटेनीले यो वर्ष आफ्ना नियमित ग्राहकहरूलाई २२ करोड भन्दा बढी रूपैयाँ बराबरको गिफ्ट भौचर उपहारको घोषणा गरेको हो । यस्तो उपहार प्राप्त गर्ने व्यक्तिले आफूले पाएको गिफ्ट




भौचर बराबरको सामग्री देशभर फैलिएको २७ वटा भाटभटेनी स्टोर्समा जहाँबाट पनि खरिद गर्न सक्नेछन् ।

यो उपहार भाटभटेनी क्लबका सदस्यता प्राप्तगर्ने मध्येका एक लाख नौ हजार ग्राहकहरूले प्राप्त गर्नेछन् । भाटभटेनी क्लबमा सदस्य रहेका लाखौं ग्राहकमध्ये एक लाख नौ हजार ५२९ जनाले गिफ्ट भौचर प्राप्त गरेको सीओओ पानु पौडेलले जानकारी बताए ।

कम्तीमा १३ सयदेखि २ लाखसम्मको गिफ्ट भौचर ती सदस्यले प्राप्त गरिसकेका छन् । यसरी बाँडिने गिफ्ट भौचर कुल २२ करोड ५२ लाख ४९ हजार ३२४ रुपैयाँ बराबरको हुनेछ । सीओओ पौडेलकाअनुसार गिफ्ट भौचर बाँड्ने कार्य यही माघ ६ गते देखि फागुन ९ गतेसम्म रहने छ ।

## आईटी उद्योगको विस्तारका लागि लगानी सहजीकरण गर्ने चेम्बरको तयारी

**काठमाडौं/मस** – आईटी उद्योगको विस्तारका लागि लगानी सहजीकरण गर्ने चेम्बरको तयारी नेपाल चेम्बर अफ कमर्सले आईटी उद्योगको विस्तारका लागि लगानी सहजीकरण गर्ने भएको छ । सरकारले अध्यादेश मार्फत् लगानी सहजीकरण गरेपछि चेम्बरले आईटी उद्योगमा लगानी एवं अन्तर्राष्ट्रिय बजारमा सहजीकरण गर्नेगरी रणनीतिक लक्ष्य तय गरेको हो ।



आईटी, सफट्वेर एण्ड टेक्नोलोजी समिति मार्फत् चेम्बरले आईटी उद्योगमा लगानीको खोजी एवं उद्यमशीलता विकासका लागि पहल गर्नेछ । चेम्बरले यसका लागि आईटी उद्यमीहरूसँग एकचरण छलफल समेत गरिसकेको छ । नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश कुमार अग्रवालले नेपालमा आर्थिक विकास र समृद्धिका लागी आईटी उद्योगको सम्भावना उच्च भएकाले लगानीका लागि सहजीकरण गर्न लागिएको बताए । उनले भने, 'नेपालमा विदेशी मुद्रा आर्जन गर्ने महत्वपूर्ण श्रोत अब आइटी उद्योग हो, सरकारले पनि आगामी १ दशकमा वार्षिक ३० खर्व भित्र्याउने लक्ष्य सहित कार्ययोजना तय गरेको छ, सूचना प्रविधि उद्योगको विकासका लागि लगानी जुटाउने देखि अन्तर्राष्ट्रिय बजारमा चेम्बरले सहजीकरण गर्नेछ ।'

सर्वसाधारणको लगानी जुटाएर आईटी उद्योगको स्थापना गर्न सकिने अध्यक्ष अग्रवालको भनाई छ । अन्तर्राष्ट्रिय आईटी उद्योगका लागि नेपालको जनशक्ति तुलनात्मक रूपमा केही सस्तो पर्न जाने भएकाले पनि उपयुक्त अवसरको खोजी गरिनुपर्ने उनले बताए । नेपालका युवाहरूलाई आईटी उद्योगमा सहभागी गराउन नीतिगत सहजीकरण गर्न चेम्बरले भूमिका निर्वाह गर्ने समेत अध्यक्ष अग्रवालले बताए ।

चेम्बर अफ कमर्सका निवर्तमान अध्यक्ष राजेन्द्र मल्लले पब्लिक प्राइभेट पार्टनरशिपको अवधारणामा कम्पनी खडा गरेर आइटी उद्योगको विकासमा लाग्नुपर्ने बताए । अन्तर्राष्ट्रिय ठूला-ठूला कम्पनीको ब्याकअपका रूपमा स्वदेशमै बसेर काम गर्न सकिने निर्वतमान अध्यक्ष मल्लको भनाइ छ । चेम्बरको आइटी सफ्टवेयर एण्ड टेक्नोलोजी कमिटीका सभापति विज्ञान श्रेष्ठले आईटी उद्योगको विकास र विस्तारका लागि सरकार र निजीक्षेत्रबीच सहकार्य हुनुपर्नेमा जोड दिए । युवाहरूको नवप्रर्वद्धन आईडीया र सोचलाई सार्थक बनाउन लगानीको पहुँच वृद्धि गरिनुपर्नेमा जोड श्रेष्ठले जोडदिए ।

## करको बक्यौता उठाउन घरघरमा पत्र

**चितवन/मस** – आन्तरिक राजस्व कार्यालय चितवनले बक्यौता कर उठाउन घरघरमा पत्राचार गर्न थालेको छ । लामो समयदेखि मूल्य अभिवृद्धि कर (भ्याट) र आय कर नबुझाएका करदाताको घरमा नै पत्र पठाउन थालेको हो । कार्यालयमा ७० हजार करदाता छन् । तीमध्ये १० हजार भ्याटका हुन् । कूल करदातामध्ये ४० प्रतिशतले आय विवरण बुझाएका छैनन् । कार्यालयका प्रमुख पुण्यविक्रम खड्काकाअनुसार चार महिनाभन्दा बढी समयदेखि कर नबुझाएकालाई पहिलो चरणमा पत्राचार गर्न थालिएको छ ।




कार्यालयले बक्यौता उठाउन र चुहावट नियन्त्रण गर्न अभियान नै सुरु गरेको छ । लामो समयदेखि बक्यौता नतिरेका र बैंक खाता रोक्का भएका करदाताको सम्पत्ति रोक्काका लागि प्रक्रिया अगाडि बढाइएको छ । कार्यालय प्रमुख खड्काका अनुसार भूमि व्यवस्थापन तथा अभिलेख विभागमा कर नतिर्नेको तीन पुस्ते विवरण पठाएर उनीहरूको घरजग्गाको विवरण मगाइएको छ । १० लाखदेखि १४ करोडसम्म बक्यौता तिर्न बाँकी रहेका दुई सय करदाता कार्यालय मातहत रहेका छन् । ती करदाताबाट दुई अर्ब ४७ करोड असुल गर्नुपर्ने छ ।

कार्यालयले प्यानमा दर्ता भएर कारोबार रकम बढी भएका करदाताको पनि खोजी गरिरहेको छ । सेवा र वस्तुको हकमा ३० लाख र अन्यको हकमा ५० लाखभन्दा बढी कारोबार भएका मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्ने प्रावधान छ । खड्काका अनुसार त्यस्ता ५० वटा फार्ममा पत्राचार गरिएको छ । थप दुई सय फार्मको अध्ययन भइरहेको छ । त्यस्ता फार्मको तीन वर्षको कारोबारको अध्ययन गरेर उनीहरूलाई भ्याटमा ल्याइने उनको भनाइ छ ।

कतिपय फार्महरूले वैदेशिक अध्ययनका लागि र कतिपयले बैंक ऋणका लागि समेत वास्तविक आयभन्दा बढी देखाउने गरेका छन् । चुहावट नियन्त्रणकै लागि भरतपुर महानगरपालिकाभित्रका १८ वटा करदाताको छनोट गरी मौज्दात परीक्षण काम भइरहेको उनले जानकारी दिए । जिल्लास्तरीय राजस्व चुहावट नियन्त्रण समितिमार्फत अवैध मदिरा, नक्कली अन्तःशुल्क स्टिकर, अवैधरूपमा भित्रिएका सूर्तीजन्य पदार्थको अनुगमनलाई कडाइ गरिएको छ । कार्यालयले अग्रिम करकट्टी नबुझाउने मुख्यरूपमा अस्पताल, विद्यालय, शैक्षिक परामर्शदातालगायत १५ वटा फार्मको छनोट गरी अध्ययन गरिरहेको छ ।

कार्यालयले पुस मसान्तसम्ममा १० अर्ब ६३ करोड राजस्व असुली गरेको छ । यो पुस मसान्तसम्मको लक्ष्य १२ अर्ब दुई अर्बको ८६ दशमलव ६२ प्रतिशत हुन आउँछ । चालु आर्थिक वर्षका लागि विभागले कार्यालयलाई २६ अर्ब ३६ करोडको लक्ष्य दिएको छ ।

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः कमलपोखरी, काठमाडौं, फोनः **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेलः **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**